म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १५६ बुधबार, ७ माघ २०८२ ने. सं. ११४६ पोहेलागा 21 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरून्तै परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मकवानपुरमा प्रतिनिधिसभा सदस्यमा ४४ को उम्मेदवारी दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा प्रत्यक्षतर्फ ४४ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।



मंगलबार हेटौंडा-११ स्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित भई उम्मेदवारी दर्ता गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । निर्वाचन क्षेत्र नम्बर १ बाट १३ राजनीतिक दलका उम्मेदवार र १० जना स्वतन्त्र गरी कुल २३ जनाको उम्मेदवारी परेको छ । यसक्षेत्रमा नेपाली काँग्रेसबाट महालक्ष्मी उपाध्याय 'डना', नेकपा एमालेबाट रामेश्वर राना, नेपाली कम्युनिष्ट पार्टीबाट विजय गौतम तथा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपकबहादुर सिंहले उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रकाश गौतम, श्रम संस्कृति पार्टीबाट विद्या श्रेष्ठ, उज्यालो नेपाल पार्टीबाट सुरेन्द्र लामा, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट तेजप्रसाद उप्रेती, नेपाल मजदुर किसान पार्टीबाट रञ्जना सुवाल, नेकपा माओवादीबाट महेश नेपाली, जनता समाजवादी पार्टीबाट रुपक लामा, एकल निर्वाचन चिन्हसहित जनता समाजवादी पार्टीबाट दीपक सिलवाल, नेशनल मंगोल अर्गनाइजेशनबाट युवराज स्याङतानले उम्मेदवारी दिएका छन् ।

निर्वाचन क्षेत्र नम्बर १ बाट अमर दंगाल, अमिक परिवार, टीकाप्रसाद चौंलागाई, प्रमिला कुमारी खतिवडा, मिठु पुलामीमगर, राकेशकुमार शर्मा, राजकुमार खड्का, राजाराम बोगटी, शिला सुवेदी र ज्ञानसागर लामाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । यस्तै, प्रतिनिधिसभा मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ बाट १६ राजनीतिक दलका उम्मेदवार र ५ जना स्वतन्त्र गरी २१ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

यस क्षेत्रमा नेपाली काँग्रेसबाट जिल्ला पार्टी सभापति समेत रहेका बुद्ध लामा, नेकपा एमालेबाट महेश वर्तौला र नेकपाबाट लवशेर विष्टले उम्मेदवारी दिएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामबहादुर थोकर, श्रम संस्कृति पार्टीबाट युनिश लामा स्याङतान, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रशान्त उप्रेती, उज्यालो पार्टी नेपालबाट प्रवीणकुमार स्याङतान, राष्ट्रिय जनमोर्चाबाट निरबहादुर सिन्तान, प्रलोपा पार्टीबाट सन्तोष विष्ट, नेशनल मंगोल अर्गनाइजेशनबाट हीरालाल स्याङतान, नेपाल मजदुर किसान पार्टीबाट सरोज तामाङ, नेकपा माओवादीबाट राम घलान 'वाटर' तथा संयुक्त नागरिक पार्टीबाट शुभराज प्रजाले उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै, आमजनता पार्टीबाट सूर्य राई र जनता समाजवादीबाट छविलाल वाइबाले एकल चुनावचिन्ह लिएर उम्मेदवारी दिएका छन् । क्षेत्र नम्बर २ बाट अमृत बल, कृष्णाराम श्रेष्ठ, प्रतिक्षा बानियाँ, रमेश आचार्य र सीतामाया बल समेत ५ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । उम्मेदवारको विरोधमा उजुरी माघ ७ गते बिहान १० बजेदेखि ३ बजेसम्म गर्न सकिने प्रदेश निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिए ।

त्यसैगरी मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने कार्यक्रम माघ ७ र ८ गते रहेको छ । उम्मेदवारको नामावली प्रकाशन माघ ८ गते साँझ ५ बजेदेखि ७ बजेसम्म छ भने उम्मेदवारको नाम फिर्ता लिने कार्यक्रम माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म रहेको छ । ढकालका अनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन माघ ९ गते ३ बजेसम्म र उम्मेदवारलाई निर्वाचन चिन्ह सोही दिन साँझ ७ बजेसम्म प्रदान गरिने कार्यालयले जनाएको छ । मतदान भने फागुन २१ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म रहेको छ ।

### मकवानपुरमा ३ लाख १५ हजारभन्दा बढी मतदाता

प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरमा ३ लाख १५ हजार भन्दा बढी मतदाताले मतदान गर्नेछन् । प्रदेश निर्वाचन कार्यालयका अनुसार मकवानपुरमा कुल मतदाता संख्या ३ लाख १५ हजार ३३४ कायम रहेको छ ।

निर्वाचन कार्यालयका सूचनाअधिकारी ताराप्रसाद आचार्यका अनुसार प्रतिनिधिसभा निर्वाचन २०७९ पछि मकवानपुरमा १४ हजार ६०१ जना मतदाता थपिएका छन् । सबैभन्दा धेरै मतदाता हेटौंडा उपमहानगरमा ७ हजार १६३ थप भएका छन् । मनहरी गाउँपालिकामा एक हजार ४६८, थाहा नगरपालिकामा एक हजार ४१५ मतदाता थपिएका छन् भने बकैया गाउँपालिकामा ८१७, बागमती गाउँपालिकामा ८४०, मकवानपुरगढी गाउँपालिकामा ७५४ र भीमफेदी गाउँपालिकामा ६९३ मतदाता थपिएका छन् ।

त्यस्तै, इन्द्रसरोवर गाउँपालिकामा ३७३, कैलाश गाउँपालिकामा ३६३ र राक्सिराङ गाउँपालिकामा २३५ मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ । मतदाता संख्या वृद्धि भएसँगै जिल्लामा मतदान केन्द्र पनि थप गरिएको छ ।

मतदानस्थल भने साविककै कायम राखिए पनि मतदान केन्द्र १० वटा थप गरिएको सूचनाअधिकारी आचार्यले जानकारी दिए । मतदाता विवरण अनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख ५८ हजार ४३५ र निर्वाचन क्षेत्र नम्बर २ मा एक लाख ५६ हजार ८९९ मतदाता रहेका छन् ।

जिल्लाभर कुल मतदाता मध्ये महिला एक लाख ५३ हजार ३७६, पुरुष एक लाख ६१ हजार ९५३ र अन्य ५ जना रहेका छन् । अद्यावधिक तथा दाबीविरोधको क्रममा निर्वाचन कार्यालयले मतदाता सूचीबाट ८८४ नाम हटाएको छ । मृत्यु भएका २१ जना मतदाता तथा दोहोरो नाम रहेका ६८३ जनाको नाम सूचीबाट हटाइएको कार्यालयले जनाएको छ ।

# बागमती सरकारले भक्तपुर अस्पतालमा सुविधासम्पन्न भवन बनाउने



साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ बागमती प्रदेश सरकारको सहयोगमा भक्तपुर अस्पताल परिसरमा आधुनिक एवं सुविधासम्पन्न नयाँ भवन बन्ने भएको छ ।

भक्तपुर अस्पताल स्थापना भएको १२१ वर्षपछि प्रदेश सरकारबाट प्राप्त हुने ६२ करोडको लागानीमा नयाँ भवन बन्न लागेको हो । सेवाप्रवाहका हिसावले विगत तीन वर्षदेखि प्रदेशस्तरमा उत्कृष्ट बन्न सफल यो अस्पतालको नयाँ भवन निर्माण भएपछि विशेषगरी काठमाडौं उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोकसहित पूर्वका जनतालाई राहत मिल्ने बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले जानकारी दिएका छन् ।

स्वास्थ्य मन्त्री थापाले भने, 'बागमती प्रदेश सरकारको प्राथमिकतामा रहेको भक्तपुर अस्पतालको भवन निर्माणको काम सुनिश्चित भएको छ । भक्तपुर अस्पताललाई बागमती प्रदेशकै नमूना अस्पताल बनाउने उद्देश्यले मिहेनतका साथ बजेट सुनिश्चित गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पारित गरेका छौँ, अब गुणस्तरमा सम्झौता नगरी तोकिएको समयभित्रै नयाँ भवन निर्माण गर्नेतर्फ हामी सबैको ध्यान जान आवश्यक छ ।' उनले अस्पतालको नयाँ भवन वातावरण एवम् प्रविधिमैत्री, भूकम्पप्रतिरोधी ढाँचामा अन्तर्राष्ट्रिय मापदण्डअनुसार भक्तपुरको पुरानो एवं परम्परागत शैलीमा भवन निर्माण गरिने बताए ।

बिरामी र सेवाग्राहीलाई सहज हुनेगरी अस्पतालको नयाँ भवनमा प्रतीक्षालय, अपाङ्गमैत्री संरचना, लिफ्ट, पार्किङ तथा हरित क्षेत्रको व्यवस्था गरिने भएको जानकारी दिँदै मन्त्री थापाले भवन निर्माणसँगै अस्पतालमा मुटु तथा न्यूरोसम्बन्धी विशेषज्ञ सेवासमेत विस्तार गरिने योजना रहेको बताए ।

प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले सेवाग्राहीको चापसहित गुणस्तरीय सेवा प्रदान गर्दै आएको बागमती प्रदेशस्थित भक्तपुर अस्पतालको भवन पुरानो भएकाले सुविधासम्पन्न नयाँ बनाउन लागेको बताए । उनले भवन निर्माण प्रक्रियामा पारदर्शिता, गुणस्तर र जवाफदेहितामा कुनै सम्झौता नहुने स्पष्ट पारे ।

यसैगरी बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा.सुमित्रा गौतमले नयाँ निर्माण हुने प्रदेश अस्पताल भवनमा अत्याधुनिक एवं आकस्मिक, आइसियु र एनआइसियु कक्ष, प्रसूति तथा स्त्रीरोग विभाग, सर्जरी ब्लक, आधुनिक प्रयोगशाला, डिजिटल एक्स-रे, सिटी स्क्यान, एमआरआई, मुटु तथा न्यूरो सेवा सञ्चालन हुने जानकारी दिइन् । स्वास्थ्य सचिव डा.गौतमले भनिन्, 'अस्पतालको डिपिआरअनुसार निर्माणकार्य चरणबद्धरुपमा अघि बढाइनेछ, निर्धारित समयभित्रै भवन निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

स्थानीय जनप्रतिनिधि, अस्पताल व्यवस्थापन समिति र स्वास्थ्यकर्मीले यस योजनालाई ऐतिहासिक उपलब्धिकारुपमा लिँदै नयाँ भवन निर्माणपछि भक्तपुर अस्पताल प्रदेशकै प्रमुख 'रेफरल' अस्पतालको रुपमा स्थापित हुने विश्वास लिएका छौँ ।'

अस्पतालका कार्यकारी निर्देशक डा. सुरेन्द्र भट्टले बागमती प्रदेशका मन्त्री तथा सचिव सम्मिलित उच्चस्तरीय पदाधिारीसँग भवनको वास्तुकलात्मक डिजाइन, सेवा विस्तारको खाका, लागत व्यवस्थापन, निर्माण प्रक्रिया र समयसीमा लगायतका विषय वस्तुबारे छलफल भएको जानकारी दिए । डा. भट्टले नयाँ जमिन नभएपछि अस्पतालको हाल प्रशासन र अन्तरङ्ग सेवा सञ्चालन भइरहेको पुरानो भवन र भवनसँगै रहेको जग्गामा नयाँ भवन निर्माण गर्न लागेको बताए ।

# महिलाका लागि लिङ्गमा आधारित हिंसासम्बन्धी सचेतनामूलक कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ हेटौंडा-९ मा महिलाका लागि 'लिङ्गमा आधारित हिंसा' विषयक सचेतनामूलक कार्यक्रम मंगलबार सम्पन्न भएको छ ।

सिआन पुनर्स्थापना केन्द्रद्वारा सञ्चालित तथा रिकभरिङ नेपाल र भिभ हेल्थकेयको सहयोगमा महिलाका लागि ड्रप इन सेन्टरमार्फत् कार्यक्रम आयोजना गरिएको हो ।

महिला समूहका ४० जनाको सहभागितामा सम्पन्न कार्यक्रममा रिकभरिङ नेपाल तथा बीडीएसका प्रतिनिधि किरण थापाले सहजीकरण गरेका थिए । कार्यक्रममा दुर्व्यसनका कारण हिंसाको जोखिममा परेका महिला, पुरुष तथा तेस्रो लिङ्गी समुदायका विषयमा विस्तृत प्रस्तुति दिइएको थियो ।

कार्यक्रममा सिआन पुनर्स्थापना केन्द्रका कार्यकारी निर्देशक शौजन डिसी, डिआईसी फोकल पर्सन तान्या अग्रवाल, रिकभरिङ नेपालका कार्यसमिति सदस्य निरन्जन तामाङ र रोशन सिलवाल, प्रदेश फोकल पर्सन मनिशमान श्रेष्ठको उपस्थिति रहेको थियो ।

कार्यक्रमपश्चात सहभागी महिलाले यस्ता कार्यक्रमबाट आफ्नो चेतनास्तर उल्लेखनीय रुपमा बढेको प्रतिक्रिया दिएका छन् । आयोजक संस्थाले लिङ्गमा आधारित हिंसाविरुद्ध जनचेतना फैलाउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेको छ ।




## काठमाडौं टप टेलर्स
### अब टीसीएन रोडमा...

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

# क्षयरोग निवारण संस्थामा प्रधान पदस्थापित




साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा मकवानपुरको सभापतिमा सजनलाल प्रधान पदस्थापित भएका छन् ।

मंगलबार सम्पन्न संस्थाको प्रथम पदस्थापन कार्यक्रमबाट प्रधान सभापतिमा पदस्थापित भएका हुन् । २०८२ पुष १५ गते सम्पन्न संस्थाको प्रथम भेलाबाट प्रधानको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको थियो ।

नेपाल क्षयरोग निवारण संस्था मकवानपुर शाखाको उपसभापतिमा विश्वनारायण श्रेष्ठ, सचिवमा गंगाप्रसाद पौडेल, कोषाध्यक्षमा सर्मिला श्रेष्ठ र सहसचिवमा विकास बज्राचार्य पदस्थापित भएका हुन् । त्यसैगरी सदस्यहरुमा लक्ष्मी श्रेष्ठ, सरोज चौलागाई, प्रमिला खतिवडा, सुष्मा मैनाली, निगेन्द्रलाल श्रेष्ठ, विनोद पण्डित, डा. सगर मैनाली र विन्तीकुमारी श्रेष्ठ रहेका छन् ।

नेपाल क्षयरोग निवारण संस्थाको केन्द्रीय अध्यक्ष देवेन्द्रबहादुर प्रधानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा प्रमुखअतिथि प्रधानले क्षयरोगविरुद्धको सचेतना जगाउने उदेश्यले संस्था दर्ता भएको र यसको मुख्य अभियानमा सहयोग गर्नका लागि जिल्लामा शाखा गठन भएको बताए ।

क्षयरोगको विषयमा जानकारी नहुँदा आमजनताले पाएको पीडालाई कम गर्नका लागि संस्थाले काम गर्नुपर्ने उनले बताए । स्थानीय सरकारसँग समन्वय गर्दै ग्रामीणभेगमा रहेका जनतालाई क्षयरोगबारे जनचेतना जगाउने अभियान सञ्चालन गर्न उनले शाखालाई अनुरोध गरे ।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका मनिर आलम, नेपाल क्षयरोग निवार संस्था जिल्ला शाखा ललितपुरका सचिव शम्भुगोविन्द ताम्राकार, नेपाल औषधि व्यवसायी संघ ललितपुरका अध्यक्ष इन्द्रवीर महर्जन, संस्थाको निर्वाचनअधिकृत सम्राटमान जोशी, सल्लाहकार विजेन्द्र अग्रवाललगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा संस्थाको निर्वाचन अधिकृत जोशीले निर्वाचितहरुलाई प्रमाणपत्र वितरण गरेका थिए ।

साझाकुरा

## हाम्रो कुरा

# उम्मेदवारको उत्साहजनक मनोनयन

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ मकवानपुरमा आज उम्मेदवारको मनोनयन दर्ता सम्पन्न भएको छ । मनोनयन कतै उत्साहपूर्वक भएको छ भने कतै निराशाजनक भएको छ । मतदाताले रुचाएका नेताले टिकट नपाएका कारण निराशा पनि देखिएको छ । मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने कार्यक्रम माघ ७ र ८ गते रहेको छ । उम्मेदवारको नामावली प्रकाशन माघ ८ गते साँझ ५ बजेदेखि ७ बजेसम्म छ भने उम्मेदवारको नाम फिर्ता लिने कार्यक्रम माघ ९ गते दिउँसो १ बजेसम्म रहेको छ । अबको अढाई दिन दलहरुबीच सेटिङ गर्ने र एकले अर्कोलाई समर्थन गरी उमेद्वारी फिर्ता लिने काम हुनेछ । केही उम्मेदवारले निर्वाचन हुने मिति भन्दा केही समय अघि पनि अर्कोलाई समर्थन गरेर आफू पछाडि हट्ने गरेका छन् । बिगतमा भएको निर्वाचन भन्दा यो निर्वाचनको मतपरिणाम निकै फरक आउन सक्ने आँकलन गरिएको छ । पुराना दलका नेतासँग निराश बनेका मतदाता नयाँ अनुहारलाई मौका दिने सोचाइमा रहेको पाइन्छ । दुईवटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा मंगलबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म ४४ जनाले मनोनयन दर्ता गराएका छन् । माघ २ गते नै हेटौंडा-११ स्थित प्रादेशिक कृषि थोकबजारमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको थियो ।

निर्वाचन कार्यसम्पादन गर्नको लागि मुख्य निर्वाचन अधिकृतमा जिल्ला न्यायाधीश गीता श्रेष्ठ र निर्वाचन अधिकृतमा जिल्ला सरकारी वकिलको कार्यालय मकवानपुरका जिल्ला न्यायाधीवक्ता देवेन्द्रराज आचार्यलाई नियुक्त गरिएको छ । मकवानपुरको निर्वाचन क्षेत्र नम्बर १ मा श्रेष्ठ र निर्वाचन क्षेत्र २ मा आचार्यलाई खटाइएको हो । प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरमा ३ लाख १५ हजारभन्दा बढी मतदाता सहभागी हुने सम्भावना छ । प्रदेश निर्वाचन कार्यालयका अनुसार मकवानपुरमा कुल मतदाता संख्या ३ लाख १५ हजार ३३४ कायम रहेको हो । मकवानपुरमा १ सय ६७ मतदानस्थल र ३ सय ७४ मतदान केन्द्र तोकिएका छन् । निर्वाचन क्षेत्र नम्बर १ मा ६२ मतदानस्थल र १७८ मतदान केन्द्र रहेका छन् भने निर्वाचन क्षेत्र नम्बर २ मा १ सय ५ मतदानस्थल र १९६ मतदान केन्द्र रहेका छन् । निर्वाचन आयोगले उम्मेदवारी दर्ता गर्दा आवश्यक कागजातसहित आउन अपिल गरेको थियो । निर्वाचनमा भाग लिने उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा मतदाता नामावली ऐन २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४, प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली २०७४, प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका २०८२ र निर्वाचन आचारसंहिता, २०८२ बमोजिम कागजात पेस गर्नुपर्ने सूचना गरिएको थियो । निर्वाचन कार्यालयका अनुसार प्रतिनिधिसभा निर्वाचन २०७९ पछि मकवानपुरमा १४ हजार ६०१ जना मतदाता थपिएका छन् । सबैभन्दा धेरै मतदाता हेटौंडा उपमहानगरमा ७ हजार १६३ थप भएका छन् । मनहरी गाउँपालिकामा एक हजार ४६८, थाहा नगरपालिकामा एक हजार ४१५ मतदाता थपिएका छन् भने बकैया गाउँपालिकामा ८१७, बागमती गाउँपालिकामा ८४०, मक्वानपुरगढी गाउँपालिकामा ७५४ र भीमफेदी गाउँपालिकामा ६९३ मतदाता थपिएका छन् । इन्द्रसरोवर गाउँपालिकामा ३७३, कैलाश गाउँपालिकामा ३६३ र राक्सिराङ गाउँपालिकामा २३५ मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ ।

मतदाता संख्या वृद्धि भएसँगै जिल्लामा मतदान केन्द्र पनि थप गरिएको छ । मतदानस्थल भने साविककै कायम राखिए पनि मतदान केन्द्र १० वटा थप गरिएको सूचनाअधिकारी आचार्यले जानकारी दिए । मतदाता विवरण अनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख ५८ हजार ४३५ र निर्वाचन क्षेत्र नम्बर २ मा एक लाख ५६ हजार ८९९ मतदाता रहेका छन् । जिल्लाभर कुल मतदातामध्ये महिला एक लाख ५३ हजार ३७६, पुरुष एक लाख ६१ हजार ९५३ र अन्य ५ जना रहेका छन् । अद्यावधिक तथा दाबीविरोधको क्रममा निर्वाचन कार्यालयले मतदाता सूचीबाट ८८४ नाम हटाएको छ । मृत्यु भएका २१ जना मतदाता तथा दोहोरो नाम रहेका ६८३ जनाको नाम सूचीबाट हटाइएको कार्यालयले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ ८ गते बिहीबार २२ जनवरी २०२६ । चतुर्थी, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५७ सूर्यास्त ५:३५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# पुराना राजनीतिक दल सुध्रिए नयाँ आवश्यक छैन



✍सुरेश भट्ट आश्रिन



नेपाली राजनीतिमा नयाँ राजनीतिक सम्भावना र वैकल्पिक राजनीतिको खोजी पछिल्लो एक दशकदेखि भइरहेको छ । राजनीतिक रूपमा व्यवस्था परिवर्तनसँगै र आन्दोलनहरूको मर्म अनुरूप नागरिकमा आउनुपर्ने खुसी र सन्तुष्टि उनीहरूका लागि सपना जस्तै भयो । त्यसैले अहिले देशमा असन्तुष्टि तीव्र छ । त्यही असन्तुष्टिलाई क्यास गर्दै अहिले नयाँ राजनीतिक प्रयत्नहरू भइरहेका छन् । मुख्यत: नागरिक असन्तुष्टिलाई नागरिक आशामा बदल्ने राजनीतिक प्रयत्नका लागि वैकल्पिक राजनीति वा नयाँ राजनीतिका प्रयत्नहरू भइरहेका छन् । वस्तुत: वैकल्पिक राजनीति वा नयाँ राजनीति मुख्यत: यी असन्तुष्टिहरुको सही कारण पत्ता लगाई नागरिकको रोजगार, शिक्षा, स्वास्थ्य, पहिचान र शान्ति जस्ता आकांक्षा पुरा गर्ने राजनीति हो । यो अर्थमा वैकल्पिक चिन्तन केवल र ाजनीतिक प्रणाली र अर्थतन्त्रको सवाल मात्र होइन । यो आत्मसम्मान साथ बाच्न पाउने सपनाहरूको अभिव्यक्ति र सामाजिक सार्वजनिक चिन्तनको नवीन प्रयोग पनि हो । यो अर्थमा वैकल्पिक राजनीतिको माग स्वाभाविक हो ।

वैकल्पिक वा नयाँ राजनीतिक चिन्तनले केवल राजनीतिक प्रसङ्ग र सत्ताको छिनाझपटीमा सीमित रहँदैन । विज्ञानमा आउने वैकल्पिक चिन्तनले समाजलाई नयाँ अनुसन्धानतिर डोऱ्याउँछ । प्रविधिमा आउने नयाँ चिन्तनले समाजलाई नयाँ नयाँ वस्तुको आविष्कार गर्न मदत गर्छ । श्रम सिप माथि आउने नयाँ चिन्तनले समजलाई कला संस्कृतिको जगेर्ना मात्रै गराउँदैन बरु सामाजिक अग्र गतिलाई समेत यथोचित न्याय दिलाउँछ । विज्ञान प्रविधिको विकासलाई सार्थकता दिन्छ भने, राजनीतिमा देखा पर्ने वैकल्पिक चिन्तनले यी सबै कुराको यथोचित व्यवस्थापनका साथै देश काल परिस्थितिको मागमुताबिक प्रयोग गर्ने र सामाजिक आवश्यकताहरूको नयाँ खोजी गर्न सिकाउँछ । अन्यथा यसो नगर्ने राजनीति के को वैकल्पिक, के को नयाँ ?

बितेको एक दशकमा हामीले वैकल्पिक राजनीतिको अभ्यास र वैकल्पिक भनिएका राजनीतिक दलहरूको राजनैतिक चरित्र हेर्‍यौँ । विवेकशील नेपाली दल हुँदै विवेकशील साझा, नयाँ शक्ति हुँदै लोसपा र राष्ट्रिय स्वतन्त्र पार्टीलाई वैकल्पिक राजनीतिको रूपमा मात्रै हेरेनौँ ती दलहरूलाई स्थापित गर्न प्रकारान्तरले भूमिका पनि खेल्यौ । तर, विवेकशील नेपाली दल पछि मूल्य-मान्यता र राजनीतिक विचारको हिसाबले नयाँ भनिएका वैकल्पिक राजनीतिक दलहरू विकल्पका रूपमा उदाएका जस्ता देखिन्छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई वैकल्पिक राजनीतिक पार्टी भन्न सकिरहेको छैन । त्यहाँ पुराना राजनीतिक दलमा स्पेस नपाएका, पुराना दलहरूले समातेको राजनीतिक अपराधीकरणको बाटो र व्याप्त भ्रष्टाचारले गर्दा आजित भएका फ्रस्टेड व्यक्तिहरूले विकल्पका रूपमा आफूलाई उभ्याएका मात्रै हुन् ।

यिनै नयाँ भनिएका दल छोटो अवधिमै सकारमा सामेल भए पुरानै दलको नेतृत्वमा बनेको सरकारलाई समर्थन दिए । यी दलले गठबन्धनको वैचारिक र चरित्रलाई समेत ध्यान दिएको देखिएन। एमाले-माओवादी गठबन्धनलाई पनि यी रास्वपाको समर्थन थियो, १०० दिन नपुग्दै बदलिएको नेपाली कांग्रेस-माओवादी केन्द्र लगायतको गठबन्धनलाई समेत विश्वासको मत दिए ।

रास्वपाको चरित्र र व्यवहार यसबिच झनै अनौठो रह्यो । पुराना दलको बदलामा एक नयाँ राजनीतिक वैकल्पिक शक्ति बन्ने उद्घोष गरेर चुनाव लडेको यो दल लगत्तै सरकारमा सामेल भयो । सरकारमा सहभागिताका लागि केही समय एमाले र यसका अध्यक्ष केपी शर्मा ओलीसँग निकट भयो । एमाले-माओवादी केन्द्र लगायतको गठबन्धनमा सामेल भयो । त्यहाँभित्र भागबन्डा खोज्यो । आफ्ना कर्तुत छोप्न शक्तिशाली मन्त्रालय रोज्यो ।

सभापति रवि लामिछानेको नागरिकता विवाद, राहदानी, सहकारी ठगी, संगठित अपराध आदि जोगाउन पछिल्लो समय महान्यायाधिवक्ताको कार्यालय समेत जोडिएको विषयले झनै रास्वपालाई षडयन्त्रको राजनीति गर्ने पार्टीको रूपमा चरितार्थ गरेको देखिन्छ । यस्तो जटिल नैतिक तथा राजनीतिक सङ्कटबिच रास्वपालाई जनताले अनुमोदन गर्लान् ?

नयाँ भनिएका दलले छोटो समयमै देखाएको सत्ता मोह, अकर्मण्यता र अपरिपक्वतालाई जनताले मन पराएका छैनन् । यसले गर्दा दुई प्रकारका मनोविज्ञान विकसित हुन खोजेको छ । एक- नयाँ दलको यस्तो चरित्रले बरु पुरानै पो ठिक थिए कि, यी नयाँ भनिएकाहरू झन् पुराना जत्तिका पनि भएनन्, पुरानै दल सुध्रिए हुन्थ्यो भन्ने मनोभावनालाई बल प्रदान गरेको छ ।

दोस्रो- पुराना दल सुनि कुनै सम्भावना छैन, नयाँ दलको पनि हालत, हविगत देखियो । यी गम्भीर विचार, सिद्धान्त र एजेन्डाप्रति प्रतिबद्धभन्दा बढी सत्तालोलुप, पपुलिस्ट र हावादारी देखिए । तसर्थ गम्भीर र संवेदनशील प्रकृतिका वैकल्पिक दलको स्पेस र आवश्यकता पूरा भएन भन्ने निराशा बिच नेपाली काँग्रेसमा गगनको विद्रोहले झनै पुराना दलहरू प्रति आशा जगाएको छ ।

पुराना दल सुनै पर्छ । यदि पुराना दल नसुनि, नयाँ भनिएकाको चरित्र अझै कमजोर, सन्दिग्ध हुने र आफूलाई लोकतन्त्रको हिमायती ठान्ने नेपाली काँग्रेसले जुटको आकार लिन नसक्ने हो भने लोकतन्त्र कसरी चल्ला ? देश कसरी बन्ला भन्ने चिन्ता छाएको छ । यो कोणबाट हेर्दा देशमा एक प्रकारको राजनीतिक रिक्तता वा शक्ति शून्यताको अनुभूति स्वाभाविक हुन्छ ।

यहाँनेर सबैले बुझ्नुपर्ने कुरा के छ भने राजनीतिक समस्याहरूको समाधान निरपेक्ष हुँदैन समयसापेक्ष हुन्छ । विकल्प आफै निर्विकल्पक रूपमा कहिल्यै रहँदैन त्यो पनि विकल्पहरूको लामो ताँतीमा असल मध्य असल चयन गर्ने हो । समय गतिशील छ, समाज गतिशील छ, समस्या र समाधानहरुपनि गतिशील नै हुने कुरा नै प्रगतिवादी मान्यता हो । यदि कसैले एउटै कुरालाई सधैँको लागि निरपेक्ष विकल्पको रूपमा प्रस्तुत गर्छ भने त्यसले समय, समाज वा वस्तुको गतिशीलतालाई नबुझेको वा बुझ पचाएको ठहर्छ । नेपाली राजनीतिमा हाल रहेको कलुषित आचरणलाई चिर्न युवा काँग्रेसले जुन जागरूकता देखायो यो नै अहिलेको विकल्प प्रस्तुत भइरहेको छ ।

पुराना दलहरू भित्रको विद्रोहले एकाध व्यक्तिले बाँचुन्जेल नेतृत्व गर्ने एकाङ्गी प्रणालीलाई प्रश्न मात्रै गरेन । यसले राष्ट्रिय राजनीतिमा सुधारको प्रारम्भ पनि गऱ्यो । पुराना राजनीतिक दलहरू प्रति उठेका प्रश्नलाई चिन्तनको स्वरूप ग्रहण गर्ने सामर्थ्य पनि राख्यो । तर अझै केही व्यक्तिका कारण राजनीतिको भाष्यलाई तोडमोड गरेर समय, काल परिस्थितिलाई दोष थुपार्दै व्यक्तिगत स्वार्थका आडमा लामो विरासत र ठुलो आन्दोलनको जगबाट उठेको राजनीतिलाई नयाँ पुस्ताको हातमा जिम्मा नलगाई विसर्जनको बाटोमा लैजान खोजिँदै छ , त्यसो हुनु हुँदैन ।

आजको पपुलिजमलाई काउन्टर गर्न सक्ने र अनुभवी एउटा भरपर्दो पुस्ता पुराना राजनीतिक पार्टीभित्रै छन् त्यसको खोजी पहिचान हुनुपर्छ । ती सामाजिक प्रजातन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य बोकेका व्यक्ति हुन्। सबैजसो पार्टीमा नयाँ नेतृत्वको 'स्वर्ण आरती' भइरहँदा समयको पदचाप बुझेर अब कुर्सी छाड्दा पुराना नेताहरूको राजनीति सकिँदैन । झनै उनीहरूको योगदानले राजनीतिमा अर्को इँटा थपिन्छ । इतिहासले सम्मानपूर्वक सम्झनेछ ।

*(साभार: रातोपाटी)*

# दल र नेताले जित्ने तर देश र जनताले सधैँ हार्ने ?

✍ इन्द्रकुमार श्रेष्ठ

नेपालको राजनीति आज एउटा यस्तो विडम्बनापूर्ण नाटक बनेको छ, जहाँ मञ्चमा अभिनय गर्ने पात्रहरू पालैपालो 'विजेता' बन्छन्, तर दर्शकदीर्घामा बसेका आम जनता भने सधैँ पराजित भइरहन्छन् । हाम्रा वरपर हेर्नुहोस्, यहाँ को सानो छ ? यहाँ त सबै नेताहरू 'ठूला' छन् । सबै दलका सिद्धान्तहरू 'सदाचारी' छन् । हरेक भाषण 'विकासप्रेमी' छ र हरेक घोषणापत्र 'क्रान्तिकारी' छ । तिनका पार्टीहरू जतिसुकै फुटे पनि, जुटे पनि ती सधैँ 'गतिला' नै रहन्छन् र तिनका कार्यकर्ताहरू आफ्नो नेताको हरेक गल्तीलाई ढाकछोप गर्न सक्ने गरी 'इमानदार' देखिन्छन् ।

अहिले त झन् नयाँ दलहरूको बाढी नै आएको छ, जहाँ जो पनि आफूलाई वैकल्पिक शक्तिको मसिहा ठान्छ, जो पनि चुनाव जित्ने दाबी गर्छ र सबैको उद्घोष आफ्नो पार्टीलाई एक नम्बर बनाउने नै छ । तर यी सबै स्वघोषित 'महानता' को बीचमा एउटा नमीठो सत्य लुकेको छ- अहिलेसम्म चुनाव धेरैले जिते, सत्ता धेरैले चलाए, तर देशले भने कहिल्यै जित्न सकेन । यो एउटा यस्तो चक्रव्यूह हो जहाँ पात्रहरू फेरिन्छन्, अनुहारहरू फेरिन्छन्, तर प्रवृत्ति उही रहन्छ ।

जनतालाई करको बोझले थिच्ने तिनै हुन्, जो चुनावमा 'जनताका सेवक' बनेर भोट माग्न आउँछन् । राज्यको ढुकुटीमाथि निर्धक्क भ्रष्टाचारको रजाइँ गर्ने तिनै हुन्, जसले मञ्चमा उभिएर नैतिकताको लामो प्रवचन दिन्छन् । हाकाहाकी कमिसन खाने र अनेक काण्डहरू मच्चाएर देशको इज्जत लिलाम गर्ने तिनै हुन्, जो आफूलाई प्रजातन्त्रको मसिहा र परिवर्तनको संवाहक भन्न रुचाउँछन् ।

आज देशको अवस्था कस्तो छ ? युवाहरू आफ्नो रगत र पसिना विदेशी माटोमा बगाउन बाध्य छन् । विमानस्थलमा बाकसमा फर्किएका लासहरूको ताँती देख्दा पनि तिनै नेताहरूको मन पग्लिँदैन, जसले तिनै युवालाई सडकमा उतारेर क्रान्तिका सपना देखाएका थिए । उनीहरूलाई त मन्त्री बन्नु, बधाई खानु र देशको ढुकुटीबाट कुस्त सुविधा लिनकै ध्याउन्न छ । देशलाई वैदेशिक ऋणको थामिनसक्नु भारी बोकाएर, भावी पुस्ताको थाप्लोमा समेत ऋणको भारी बोकाउने काम यिनै 'ठूला' भनिएका सत्ताधारी दलहरूले गरेका हुन् ।

विडम्बना त के छ भने, यति हुँदाहुँदै पनि फेरि चुनाव उनीहरूले नै जित्ने दाबी गर्छन् । उनीहरूकै दल ठूला बन्ने रे ! सरकार तिनैले चलाउने रे ! ओहो ! यहाँ त जो पनि ठूला, जो पनि असल, जो पनि जितुवा ! तर यो थिति बिग्रेको, नीतिगत भ्रष्टाचारले थिलथिलो भएको र दण्डहीनताले जर्जर भएको देशलाई तमाम विकृतिबाट मुक्त पार्ने साहसी, त्यागी र विवेकी नेता को आउला ? कहिले आउला ? सधैँ साराले जितेर पनि देश त जहिले पनि हारेको हारेको हारेकै छ !

'राजनीति' राज्य सञ्चालन गर्ने नीति हो । यो देश र जनताको सेवा गर्ने नीति हो । तर यहाँ त यो एउटा यस्तो व्यवसाय बनेको छ, जहाँ लगानी चुनावमा गरिन्छ र असुली सत्तामा पुगेपछि गरिन्छ । 'असुली' गर्ने क्रममा भ्रष्टाचार, कमिसन, धन्दा, काण्ड जे पनि सामान्य मानिन्छन् । यो व्यापारमा नेता 'उद्योगपति' र जनता केवल 'उपभोक्ता' मात्र बनेका छन्, जसले सदैव महँगी, मर्का, अन्याय र अभावको मूल्य चुकाउनुपर्छ । सरकारी अड्डामा जाँदा एउटा सानो कामका लागि चाकडी र घुस बुझाउनुपर्ने बाध्यता अझै हटेको छैन, तर मन्त्रीका भाषणमा भने 'सुशासन' को 'प्रवचन' जारी हुन्छ । यो कस्तो विडम्बना हो, जहाँ सानो कामका लागि फाइल अघि बढ्न पैसा चाहिन्छ र न्याय पाउन पहुँच चाहिन्छ ।

हाम्रो समाजमा एउटा गजबको अन्धभक्ति छ । कार्यकर्ताहरू आफ्नो नेताको भ्रष्टाचारलाई 'चतुऱ्याइँ' देख्छन् र अर्को दलको सामान्य गल्तीलाई 'महापाप' । यही अन्धभक्तिको जगमा नेताहरूले आफ्नो साम्राज्य खडा गरेका छन् । शिक्षा र स्वास्थ्यजस्ता मौलिक हकहरू आज बजारमा बिक्री हुने सामानजस्तै भएका छन् । गरिबका छोराछोरीले पढ्ने विद्यालयहरू रित्तिँदै छन् भने नेता र माफियाका लगानी रहेका निजी विद्यालयहरू आलिशान महलमा परिणत भएका छन् । बिरामी हुँदा सामान्य उपचार नपाएर मर्ने नागरिक एकातिर छन् भने राज्यकोषबाट करोडौँ उपचार खर्च लिएर विदेश सयर गर्ने नेताहरू अर्कातर छन् ।

के यही हो हामीले खोजेको प्रजातन्त्र ? के यही हो हाम्रा पुर्खाहरूले रगत बगाएर ल्याएको परिवर्तन ? स्रोत र साधनको यस्तो चरम दुरुपयोग भइरहेको छ कि लाग्छ यो देश कुनै साझा थलो होइन, बरु केही सीमित व्यक्तिको अंशवण्डामा परेको निजी सम्पत्ति हो । राष्ट्रिय गौरवका आयोजनाहरू वर्षौँसम्म लम्बिनु, लागत दोब्बर-तेब्बर हुनु तर काम भने कछुवाको गतिमा हुनुको पछाडि तिनै 'ठूला' नेता र ठेकेदारको अपवित्र साँठगाँठ जिम्मेवार छ भन्ने कुरा सामान्य जनतालाई पनि थाहा छ ।

देशको यो दयनीय अवस्थाको मुख्य जड भनेको 'नीतिगत भ्रष्टाचार' नै हो । एउटा सामान्य कर्मचारीले घुस खानु त भ्रष्टाचार हो नै, तर संसद् र क्याबिनेटबाटै निर्णय गराएर निश्चित व्यापारीलाई फाइदा पुऱ्याउने गरी बनाइने ऐन-कानुनहरू अझ भयानक छन् । यस्ता निर्णयहरूमा सबै दलका 'ठूला' नेताहरूको मौन सहमति वा सक्रिय संलग्नता हुन्छ । किनकि कमिसनको भागवण्डा सबैलाई चाहिन्छ ।

जबसम्म यस्तो प्रणाली जीवित रहन्छ, तबसम्म जतिसुकै नयाँ अनुहार आए पनि तात्विक परिवर्तन आउँदैन । विकासका नाममा डोजर चलाएर बजेट सिध्याउने तर गुणस्तरमा कहिल्यै ध्यान नदिने प्रवृत्तिले हाम्रा सडकहरू मृत्युका धराप बनेका छन् । कुनै पनि भवन, सडक बनाउँदा त्यसको आयु ग्यारन्टी हुनुपर्ने हो, जसरी कुनै पनि सामानको उपभोग समय तोकिएको हुन्छ । तर यहाँ त यसबारे बोल्ने कसले ? सबैको मुखमा सत्ताशक्तिको बुजो लागेको छ ।

प्राकृतिक स्रोत-साधनको दोहन गर्ने क्रसर माफियादेखि जग्गा दलालसम्मलाई राजनीतिक संरक्षण प्राप्त छ । यसले देशको पर्यावरण मात्र बिगारेको छैन, इमानदार भएर बाँच्न चाहने नागरिकको आत्मसम्मानमा समेत चोट पुऱ्याएको छ । नीति बनाउने ठाउँमा तिनै माफियाहरूको कब्जा छ, जसले गर्दा प्रकृतिमैत्री कानुन बन्दैन । बने पनि त्यो कागजमै सीमित रहन्छ ।

आज देशलाई ऋणले यसरी थिचेको छ कि वार्षिक बजेटको ठूलो हिस्सा त सावाँ र ब्याज तिर्दैमा सकिन्छ । हामीले लिएको ऋण कहाँ खर्च भयो ? के त्यसले उत्पादन बढाउन मद्दत गऱ्यो ? के त्यसले रोजगारी सृजना गऱ्यो ? यसको उत्तर नकारात्मक छ । ऋण त केवल अनुत्पादक क्षेत्रमा, प्रशासनिक खर्चमा र नेताहरूका विलासिताका साधनमा सकियो । युवा निर्यात गरेर आएको रेमिट्यान्सले वैदेशिक सामान आयात गर्ने र त्यसमा लाग्ने भन्सारबाट कर्मचारी र नेता पाल्ने ! यो आत्मघाती अर्थतन्त्र कहिलेसम्म चल्छ ?

कृषिप्रधान देश भनिए पनि अर्बौंको चामलादि खाद्यान्न र तरकारी विदेशबाट मगाउनुपर्ने अवस्था छ । सिँचाइ र मल नपाएर किसान छटपटिइरहँदा नेताहरू भने चिनियाँ वा भारतीय अनुदानका गाडीमा सवार भएर तिनै किसानका बस्तीमा भोट माग्न जान्छन् । यो एउटा यस्तो घडी हो, जहाँ देशलाई माया गर्ने हरेक नागरिकले सोच्नै पर्छ । हामी कहिलेसम्म यो परनिर्भरताको खाडलमा भासिइरहने ?

हामीले नेताहरूलाई त धेरै दोष दियौँ, तर के हाम्रो समाज, हाम्रो चेतना र हाम्रा मतदाताहरू पनि दोषी छैनन् र ? चुनावको अघिल्लो रात एउटा भोजमा वा केही थान नोटमा आफ्नो अमूल्य मत बेच्ने नागरिकले कसरी सुशासनको अपेक्षा गर्न सक्छ ? आफ्नै दलको नेताले देश लुट्दा 'हाम्रो मान्छे' भनेर मौन बस्ने र अर्कोले गर्दा मात्र सडकमा आउने प्रवृत्तिले गर्दा नै नेताहरूको मनोबल बढेको हो । 'जो आए पनि उस्तै त हो नि' भन्ने निराशाले गर्दा नै खराब पात्रहरूले पटक-पटक शासन गर्ने मौका पाएका हुन् । अबको लडाइँ केवल एउटा नेताको विरुद्धमा होइन, यो पूरै खराब प्रणाली र प्रवृत्तिको विरुद्धमा हुनुपर्छ । बौद्धिक वर्ग, नागरिक समाज र सञ्चारमाध्यमहरू पनि कतिपय अवस्थामा दलीय स्वार्थको झोला बोकिरहेका भेटिन्छन् । जबसम्म समाजको विवेक नै बन्धकी रहन्छ, तबसम्म परिवर्तनको किरण टाढै रहनु स्वाभाविकै हो ।

देशमा सदाचार, सुशासन, सुविधा र सुरक्षा कायम गर्न आकाशको कुनै विन्दुबाट मसिहा झर्ने होइन । यो काम यहीँका सचेत युवा, इमानदार नागरिक र साँच्चिकै देशभक्तहरूको काँधमा छ । हामीलाई त्यस्ता नेता चाहिएको छ, जसलाई चुनाव हार्ने डर नहोस् तर देश हार्छ कि भन्ने चिन्ता होस् । हामीलाई त्यस्तो दल चाहिएको छ, जसले गफाडी कार्यकर्ता होइन, जाँगरिला नागरिक उत्पादन गरोस् ।हामीलाई त्यस्तो सरकार चाहिएको छ, जसले कर उठाउँदा जनताको पीडा महसुस गरोस् र खर्च गर्दा जनताको पसिनाको मूल्य सम्झियोस् । साराले जितेर देश हार्ने यो खेल अब धेरै दिन चल्नुहुँदैन । इतिहासले हामीलाई सोध्नेछ- जब देश थिलथिलो भएर रोइरहेको थियो, तिमी कहाँ थियौ ? के तिमी पनि कुनै नेताको अन्धभक्त भएर ताली बजाइरहेका थियौ कि देश जोगाउन प्रश्न सोधिरहेका थियौ ? मौनता पनि कतिपय अवस्थामा अपराध बन्छ । जब देश अन्यायको पराकाष्ठामा हुन्छ, तब तटस्थ रहनु भनेको अधर्मलाई सहयोग गर्नु नै हो ।

अन्त्यमा, यो देश केवल भूगोलको एउटा टुक्रा मात्र होइन, यो हाम्रो अस्तित्व र पहिचान हो । जब देश नै रहँदैन, तब न यी दलहरू रहनेछन्, न यी नेताहरूका पद रहनेछन् । त्यसैले, व्यक्तिगत स्वार्थ र दलगत घेराभन्दा माथि उठेर देशलाई प्राथमिकता दिने बेला आइसकेको छ । सबै 'ठूला' बनेको यो भीडमा अब कोही एकजना साँच्चिकै 'मान्छे' बनेर उभिनुपर्छ, जसले देशको घाउमा मलम लगाउन सकोस् । राजनीति भनेको लुछाचुँडी गर्ने थलो होइन, बरु त्याग र सेवाको माध्यम हो भन्ने कुरा व्यवहारबाटै पुष्टि गर्ने नेतृत्व आजको खाँचो हो ।

नत्र, सबैले जित्दा पनि देश हार्ने यो सिलसिलाले हामीलाई एउटा यस्तो विन्दुमा पुऱ्याउनेछ, जहाँबाट फर्कन शायद निकै ढिलो भइसकेको हुनेछ । अबको पालो जागृत हुने पालो हो, प्रश्न सोध्ने पालो हो र देशलाई जिताउने पालो हो । हामीले रोजेको एउटा सानो विकल्पले पनि देशको दिशा बदल्न सक्छ । त्यसैले, अब पछुतो र निराशालाई होइन, आशा र विवेकलाई ठाउँ दिऔँ र हार्न थालेको यो देशलाई जिताउने महाअभियानमा सबै जना सहभागी बनौँ ।

*(साभार: न्यूज अफ नेपाल)*

# भत्कियो गठबन्धन संस्कृति



काठमाडौं/विगतका चुनावहरूमा नेकपा एमालेसँग गठबन्धन गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले यसपटक आम जनतासँग मात्र तालमेल हुने घोषणा गरिसकेका छन् । उम्मेदवारी दर्ता गराउन सोमबार झापा पुगेका लिङ्देनले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखे, 'राप्रपाको तालमेल:... आम जनतासँग ।' स्टाटस लेख्नुअघि उनले झापाका ५ वटै निर्वाचन क्षेत्रका उम्मेदवार टुंग्याएका थिए ।

झापा-३, मा आफैंले मनोनयन दर्ता गराएका लिङ्देनले बाँकी क्षेत्रहरूमा पनि तुलनात्मक बलिया उम्मेदवार उठाएका छन् । गत चुनावमा झिनो अन्तरले निकटतम प्रतिद्वन्द्वी बनेका स्वागत नेपाललाई पार्टी प्रवेश गराएरै झापा-२, बाट राप्रपाले उम्मेदवार बनाएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले चुनाव लड्दै आएको झापा जिल्लामा चुनावी गठबन्धन अभ्यासका निम्ति राप्रपा रणनीतिक शक्ति हो । त्यसैले लिङ्देनको स्टाटस र उम्मेदवारहरूबारे भएका निर्णयले राष्ट्रिय राजनीतिमै अर्थ राख्छ ।

बितेका चुनावहरूमा झापा-३, मा लिङ्देनलाई एमालेले भोट हाल्ने र बाँकी क्षेत्रमा एमाले उम्मेदवारलाई राप्रपाको भोट जाने गरेको थियो । राजनीतिक विचार धारा, पार्टीको नारा र उद्देश्यहरू एकअर्कामा ठीक उल्टो बाक्ने एमाले र राप्रपाबीच चुनावी सहकार्य हुनुको प्रष्ट उद्देश्य थियो- केपी ओली र राजेन्द्र लिङ्देनले जसरी पनि जित्ने । गठबन्धनको परिणाम दुवैले जित्दै पनि आएका छन् । नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलालाई हराएर झापा-३, बाट लिङ्देनले जित्दै आउनुमा एमालेको मत लुकेको छैन । झापा-५ मा ओलीले जित्दा राप्रपाको मतसमेत जोडिएको छ ।

मनोनयन दर्ताको अघिल्लो साँझसम्म (सोमबार) पनि झापा-३, मा एमालेले आफ्ना उम्मेदवारबारे निर्णय नगरेर गठबन्धनको सम्भावनाबारे अनुमान गर्ने ठाउँ राखेको थियो । तर, अन्तिम समयमा हरि राजवंशीलाई एमालेले उम्मेदवार बनायो । राप्रपाले पनि झापा-५ मा लक्ष्मीप्रसाद संग्रौलालाई उम्मेदवार बनाएको छ । दुवैले सबै क्षेत्रमा उम्मेदवारी मनोनयन दर्ता गराउनुले अहिलेसम्म चुनावी गठबन्धन नभएकै बुझिन्छ । एमाले र राप्रपाबीच मात्र नभएर झापामा अरू दलहरू नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी लगायतले पनि अलग-अलग उम्मेदवारी दिएका छन् । कुनै दलले कसैसँग गठबन्धन गरेका छैनन् ।

बरू नयाँ प्रतिस्पर्धी शक्ति थपिएका छन् । ओलीलाई हराउने घोषणा नै गरेर बालेन्द्र शाहले झापा-५ मा मनोनयन दर्ता गराएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको घण्टी चिह्नबाट चुनाव लड्न उनले काठमाडौं महानगरको मेयरबाट राजीनामा दिएका छन् । अर्को शक्तिका रूपमा देखिएका हर्क साम्पाङको श्रम संस्कृति पार्टीबाट समीर तामाङले ओली र बालेनलाई नै हराउने भनिरहेका छन् ।

२०७९ को चुनावमा झापामा एमाले र राप्रपाबीच गठबन्धन हुँदा कांग्रेस, तत्कालीन माओवादी केन्द्र, एकीकृत समाजवादी सहितको पाँच दल सम्मिलित महागठबन्धन बनेको थियो । यस्तै, २०७४ को चुनावमा कांग्रेसविरूद्ध एमाले, माओवादी र राप्रपाको गठबन्धन बनेको थियो । तर, यसपटक मनोनयन दर्ता हुँदाका दिनसम्मलाई हेर्दा दलहरू एक्लाएक्लै भिड्न मैदानमा उत्रिएका छन् ।

**एकल प्रतिस्पर्धामा दलहरू**

यसपटक बदलिएको चुनावी शक्ति-संघर्ष बुझ्न झापालाई प्रतिनिधि जिल्लाका रूपमा लिन सकिन्छ । झापाकै जस्तो स्थिति यसपटक देशभर निर्माण भएको छ । कांग्रेस, एमाले, नेकपा, रास्वपा, राप्रपालगायत दलहरूले एकल उम्मेदवारी दिएका छन् । अर्थात्, एकअर्काविरूद्ध एक्लाएक्लै भिड्दैछन् । नेताहरूका भनाइ अनुसार मनोनयन दर्ता सकिँदासम्म गठबन्धनबारे कसैले कुनै दलसँग छलफल गरेका छैनन् । कांग्रेसका प्रवक्ता देवराज चालिसे, पार्टी नेतृत्व परिवर्तन हुनुको एउटा मूल एजेन्डा रुख चिह्न कसैसँग नसाट्ने रहेकाले देशभर उम्मेदवारी दिएको बताउँछन् ।

'देशभरका मतदाताले रुखमा भोट हाल्न पाउने स्थिति निर्माण गरेका छौं, सम्पूर्ण क्षेत्रमा हाम्रा उम्मेदवार छन्,' चालिसे भन्छन् । एमाले प्रचार विभागका संयोजक मीनबहादुर मीनबहादुर शाही पनि गठबन्धनबारे कसैसँग अहिलेसम्म सम्वाद र वार्ता केही नभएको बताउँछन् । 'एमालेलाई मुलुकको निर्णायक राष्ट्रिय शक्ति बनाउने संकल्पमा प्रतिबद्ध छौं, त्यसैअनुसार देशका १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएका छौं,' शाही भन्छन् ।

नेकपाले भने बाग्लुङको एउटा क्षेत्र राष्ट्रिय जनमोर्चालाई दिएर आंशिक गठबन्धन गरेको छ । तर मुलत: देशभर एक्लै लड्नेगरी उम्मेदवारी दिएको छ । 'बाग्लुङको एउटा क्षेत्र छोडेका छौं, बाँकी देशभर तारा चिह्नमा मत हाल्न पाइनेगरी उम्मेदवारी दिएका छौं,' नेकपाका नेता देवेन्द्र पौडेल भन्छन् । जबकि अघिल्ला निर्वाचनहरूमा ठूलठूला गठबन्धनबीच चुनावी प्रतिस्पर्धा हुने गरेको थियो । एकअर्कालाई हराउन जसले जोसँग पनि चुनावी सहकार्य गर्ने संस्कृति स्थापित हुने सम्भावा बढेको थियो ।

प्रमुख दलहरूबीच नै गठबन्धन गर्ने अभ्यास भने २०७४ को स्थानीय चुनावबाट थालनी भएको थियो । त्यसबेला एमालेविरुद्ध लड्न कांग्रेस र माओवादी मिलेका थिए । कम्युनिष्ट र कांग्रेसले साझा उम्मेदवार बनाएको त्यो गठबन्धनको सन्देश सकारात्मक हुन सकेको थिएन । बरू बद्नाम र विकृत बन्न पुगेको थियो । भरतपुर महानगरपालिकाको मेयर जित्न माओवादी उम्मेदवार रेणु दाहालका प्रतिनिधिले मतपत्र च्यातेको घटना त्यसबेलाको हो ।

तर, लगत्तै २०७४ को मंसिरमा सम्पन्न प्रदेश र प्रतिनिधि सभाको चुनावमा एमाले-माओवादी बीच गठबन्धन भयो । वामशक्तिविरुद्ध लड्न कांग्रेसले राप्रपासहितका साना शक्तिहरू समेटेर लोकतान्त्रिक गठबन्धन बनाए । मधेशमा उपेन्द्र यादव र महन्थ ठाकुरबीच गठबन्धन भएको थियो ।

गठबन्धन गर्दा मधेश प्रदेशबाहेक ६ प्रदेश र संघीय संसदमा कम्युनिष्टहरूले झण्डै दुईतिहाइ सिट जितेका थिए । तर तत्कालीन नेकपाभित्रको मतभेद र विभाजनका कारणले पूरा अवधि सत्ता चलाउन सकेनन् । २०७९ सालको चुनावमा कांग्रेस नेतृत्वमा पाँच दल मिलेर चुनाव लडे । एमालेले पनि पाँच दलीय गठबन्धनविरुद्ध उपेन्द्र यादव नेतृत्वको जसपा र राजावादी-हिन्दूवादी शक्तिहरूसँग गठबन्धन गर्‍यो । तर नतिजा भने दुई ठूला गठबन्धनले सोचे जस्तो आएको थिएन ।

पाँच दलीय गठबन्धनमा रहेका दलहरूले भएकै सिट संख्या पनि गुमाएको थियो । मधेश र कोशीमा अपेक्षित नतिजा ल्याए पनि एमालेको आकार खुम्चिएको थियो । ठूला दुई गठबन्धनले अपेक्षित नतिजा नल्याउनुमा भने नयाँ शक्तिहरू उदय हुनु थियो । परम्परागत शक्ति राप्रपाको अनपेक्षित आकार बढाएको थियो भने रास्वपा, जनमत र नाउपा जस्ता शक्तिको उदय भयो । यसपटक भने चुनावी गठबन्धनको अभ्यास तोडिएको छ । यसरी दलहरू एक्लाएक्लै भिड्ने परिस्थितिको सिर्जना भने कांग्रेसको नेतृत्व परिवर्तनसँग जोडिएको छ । जेनजी विद्रोहबाट सत्ता पलट भएपछि २१ फागुनमा घोषणा भएको चुनावमा कांग्रेस र एमालेबीच गठबन्धन गर्ने सहमति जुटिसकेको थियो ।

ओलीले शेरबहादुर देउवासँग गठबन्धन गर्ने सहमति गरेकाले पुष्पकमल दाहाल प्रचण्डले भने स-साना डेढ दर्जन शक्तिसँग मिलेर नेपाली कम्युनिष्ट पार्टी बनाएका थिए । मधेश केन्द्रीत शक्तिहरूबीच एकता भइसकेको थियो । तर विशेष महाधिवेशन मार्फत बदलिएको कांग्रेस नेतृत्वलाई निर्वाचन आयोगले मान्यता दियो ।


गगन थापा कांग्रेस सभापति भएर आएपछि पूर्वघोषणा बमोजिम कसैसँग गठबन्धन नगर्ने नीतिमा अगाडि बढे । 'सत्तालाई केन्द्रमा राखेर गरिने प्रिपोल एलायन्सले दलहरूको संगठनात्मक आधारलाई क्षतविक्षत बनाएको थियो । सैद्धान्तिक बिचलन हुन पुगेको थियो,' कांग्रेस प्रवक्ता चालिसे भन्छन्, 'त्यस्तो गठबन्धनलाई अन्त्य गर्नुपर्ने थियो, बारम्बार वकालत गर्दै आएको थियो । र नेतृत्व परिवर्तनसँगै बदलिएको कांग्रेसको सन्देश दिएका छौं ।'

नेतृत्व बदलिएको कांग्रेसले एक्लै उम्मेदवारी दिएपछि अरू दलहरू पनि दबाबमा परेको बुझ्न सक्छौं । 'कांग्रेस बदलिएको सन्देश हामीले दिनुपर्ने थियो, र दियौं,' चालिसे भन्छन् । उनका अनुसार दुईतिहाइ बढी नयाँ अनुहारले कांग्रेसबाट टिकट पाएका छन् । त्यसमा समावेशीतालाई ध्यानमा राखिएको उनी बताउँछन् ।

'हामीले युवा, नयाँ अनुहार र समावेशीतालाई ध्यान दिएर उम्मेदवारी दियौं,' उनी भन्छन्, 'कांग्रेस बदलिएको सन्देशले अरु दलहरूमा पनि परिवर्तनको सन्देश दिनुपर्ने दबाब पर्‍यो ।' यद्यपि चुनावी गठबन्धनको सम्भावना अझै टरिनसकेको नेताहरू बताउँछन् । 'उम्मेदवारी दर्ता हुँदा कसैसँग कसैको गठबन्धन भएको छैन, तर गठबन्धनको सम्भना अझै टरिसकेको छैन,' राप्रपाका एक नेता भन्छन्, 'उम्मेदवारी फिर्ताको अवधिसम्म गठबन्धनको निर्णय गर्ने सम्भावना रहन्छ ।' एमाले प्रचार विभाग संयोजक गठबन्धनको सम्भावना टरिनसकेको स्वीकार्छन् । 'लोकतन्त्रको रक्षा, संविधान सर्वोच्चता, विधिको शासन स्थापित गर्ने कुरामा लोकतान्त्रिक शक्तिहरूबीच सम्वाद नहोला भन्न सकिन्न,' उनी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# टिकटकले तीन महिनामा नेपालबाट हटायो २८ लाखभन्दा धेरै भिडियो




काठमाडौं/टिकटकले प्रयोगकर्ताका लागि सुरक्षित डिजिटल वातावरण बनाउने जनाउँदै सन् २०२५ तेस्रो त्रैमासिकको 'गाइडलाइन्स इन्फोर्समेन्ट' रिपोर्ट सार्वजनिक गरेको छ ।

जुलाईदेखि सेप्टेम्बर २०२५ सम्मको तथ्याङ्क समेटिएको यस रिपोर्टले टिकटकले आफ्ना कम्युनिटी गाइडलाइन्स विपरीत रहेका सामग्री पहिचान गर्न र हटाउन अपनाएका सक्रिय कदमको विवरण प्रस्तुत गर्दछ ।

पछिल्लो ३ महिनाको अवधिमा नेपालमा कम्युनिटी गाइडलाइन्स उल्लैनका कारण कुल २८ लाख २९ हजार ६१२ वटा भिडियो हटाइएका छन् । जुलाईदेखि सेप्टेम्बरसम्म सक्रिय रूपमा सामग्री हटाउने दर ९९.७ प्रतिशत रहेको छ, जसमध्ये ९८.० प्रतिशत भिडियो २४ घण्टाभित्र हटाइएका थिए ।

विश्वव्यापी रूपमा, यस त्रैमासिकमा टिकटकले कुल २०४ मिलियन (२०४,५३४,९३२) भिडियो हटाएको छ, जुन यस प्लेटफर्ममा अपलोड भएका कुल कन्टेन्टको करिब ०.७ प्रतिशत हो ।

हटाइएका भिडियोमध्ये १८६,६०८,०८१ भिडियो अटोमेटिक डिटेक्सन प्रविधिको प्रयोगमार्फत पहिचान गरी हटाइएका थिए भने थप रिभ्यूपछि ८,९५०,७३५ भिडियो पुन:स्थापना गरिएका थिए ।

सक्रिय रूपमा हटाउने दर ९९.३ प्रतिशत थियो, जसमा ९४.८ प्रतिशत फ्ल्याग गरिएका कन्टेन्ट २४ घण्टाभित्र हटाइएको थियो । प्लेटफर्मको विश्वसनीयता कायम राख्न यस अवधिमा टिकटकले ११८,६१८,३९९ नक्कली अकाउन्ट हटाएको छ भने १३ वर्षभन्दा कम उमेरका हुन सक्ने आशङ्कामा थप २२,२२६,५४२ अकाउन्ट पनि हटाइएको छ ।

रिपोर्ट अनुसार हटाइएका कुल भिडियोमध्ये ३० प्रतिशतमा संवेदनशील वा वयष्क विषयवस्तु समेटिएका थिए, जुन टिकटकको कन्टेन्ट पोलिसीसँग मेल खाँदैन । थप १५.७ प्रतिशत भिडियोहरूले सुरक्षा र सभ्यतासम्बन्धी मापदण्ड उल्लंघन गरेका थिए भने २.७ प्रतिशतले गोपनीयता तथा सुरक्षा सम्बन्धी गाइडलाइन उल्लैन गरेका थिए ।

यसका अतिरिक्त, ३२.९ प्रतिशत भिडियो गलत सूचना (मिसइन्फर्मेशन) का रूपमा फ्ल्याग गरिएका थिए भने ३४.४ प्रतिशत हटाइएका भिडियो सम्पादन गरिएका वा एआईबाट सिर्जना गरिएका कन्टेन्टका रूपमा फ्ल्याग गरिएका थिए ।

# निशा पनि चुनावी मैदानमा, काठमाडौं-५ बाट बनिन् उम्मेदवार



काठमाडौं/आगामी फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा अभिनेत्री तथा निर्मात्री निशा अधिकारी पनि उम्मेदवार बनेकी छन् । गतिशील लोकतान्त्रिक पार्टीकी केन्द्रीय सदस्य रहेकी उनले काठमाडौं क्षेत्र नं. ५ बाट उम्मेदवारी दर्ता गराएकी हुन् । उनी यही क्षेत्रकी मतदाता हुन् । करिब डेढ दशकदेखि फिल्म क्षेत्रमा सक्रिय उनले पहिलो पटक संसदीय चुनाव लड्न लागेकी हुन् ।

निशाले उम्मेदवारी दिएको क्षेत्र नं. ५ मा नेपाली कांग्रेसबाट प्रदीप पौडेल, नेकपा एमालेबाट ईश्वर पोखरेल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट सस्मित पोखरेल, नेपाली कम्युनिष्ट पार्टीबाट कल्पना शर्मा लगायत चुनावी प्रतिस्पर्धामा छन् । यसअघिको निर्वाचनमा एमालेका पोखरेललाई ५ हजारभन्दा बढी मतले पराजित गर्दै प्रदीप त्यस क्षेत्रबाट निर्वाचित भएका थिए ।

मानसिक स्वास्थ्य, उद्यमशिलता, पर्यटन, कृषि लगायतका विषयलाई मुख्य एजेन्डा बनाएर निर्वाचनमा होमिएकी निशाले अबको १० वर्ष देश र जनताप्रति समर्पित भएर काम गर्ने बताएकी छन् । आफूले अहिलेसम्म राम्रो उम्मेदवारलाई भोट हाल्न नपाएको बताउँदै उनले महिला सशक्तिकरणका लागि पनि आफूले उम्मेदवारी दिएको बताइन् ।

सन् २००९ मा रिलिज भएको फिल्म 'मिसन पैसा'बाट अभिनय करिअर सुरु गरेकी उनले अहिलेसम्म लगभग ३० वटा फिल्ममा काम गरिसकेकी छन् । उनी पछिल्लो पटक फिल्म 'आँखा'मा देखिएकी थिइन्, जुन २०२४ मा रिलिज भएको थियो । सन् २०१७ मा आफ्नै लगानीमा फिल्म 'झ्यानाकुटी' समेत बनाएकी उनी अब यसको दोस्रो श्रृंखला निर्माण गर्ने तयारीमा छिन् ।

# विशेष महाधिवेशन अस्वीकार, गगनको टिकट स्वीकार



काठमाडौं/नेपाली कांग्रेसमा भएको विशेष महाधिवेशनलाई अस्वीकार गरेका नेताहरूले सभापतिमा गगन थापालाई स्वीकारेर उनले हस्ताक्षर गरेको टिकट लिएर प्रतिनिधिसभामा उम्मेदवार बनेका छन् । गत पुसको २७ देखि माघ १ गतेसम्म भएको विशेष महाधिवेशनले थापाको नेतृत्वमा नयाँ समिति चयन गरेको थियो । पूर्व सभापति शेरबहादुर देउवा र नेता डा.शेखर कोइरालाले विशेष महाधिवेशनलाई भेलाको संज्ञा दिएका थिए । विशेष महाधिवेशन अवैध रुपमा भएको ठहर गर्दै पूर्व संस्थापन पक्षले नेतृत्वलाई अस्वीकार गर्ने निर्णय गरेको थियो ।

विशेष महाधिवेशनबाट आएको समितिलाई अवैध रहेको र मान्यता नदिन आग्रह गर्न पूर्व कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा शेरबहादुर देउवा पक्षका नेताहरू निर्वाचन आयोग पुगे । देउवा पक्षको उक्त कार्यमा नेता डा. शेखर कोइरालाले समेत सक्रिय साथ दिए । देउवा पक्षको बैठक डाकेर गत शनिबार आयोगको निर्णय विरुद्ध सर्वोच्च जाने निश्चित गरिएको थियो ।

विशेष महाधिवेशनको नेतृत्वलाई वैधता दिने आयोगले संविधान, प्रचलित कानुन, राजनीतिक दलसँग जोडिएका कतिपय विवादहरूको निरुपण गर्दा विगतमा गरिएको नजिर आयोगले बेवास्ता गरेको देउवा पक्षको ठहर थियो । आयोगप्रति रुष्ट भएको देउवा पक्षको निर्णयमा भनिएको छ, 'तथाकथित विशेष महाधिवेशनका नाममा गरिएको भेलाको औचित्य, वैधानिकता, उपस्थित संख्या समेत नहेरी एकलौटी रुपले गरिएको निर्णय दुषित मनसायले प्रेरित रहेको यो बैठक ठहर गर्दछ ।' निर्वाचन आयोगको निर्णय दुरासयपूर्ण निष्कर्ष निकाल्दै त्यसविरुद्ध विरुद्ध संवैधानिक, कानुनी उपचार तथा राजनीतिक प्रतिवाद गर्ने निर्णय गरिएको थियो ।

आयोगको निर्णय विरुद्ध सडक आन्दोलन गर्ने चेतावनी कतिपय नेताहरूले व्यक्त गरेपनि आन्दोलनको घोषणा भने गरिएन । देउवा पक्षले गरेको निर्णय अनुसार पूर्व कार्यवाहक सभापति खड्का आइतबार रिट लिएर सर्वोच्च अदालत पुगे । उक्त रिटको पेशी मंगलबारको लागि तोकिएको थियो । देउवा पक्षले 'न्याय'को लागि सर्वोच्च अदालत पुग्दा विशेष महाधिवशेन पक्ष भने उम्मेदवार छनोटका लागि केन्द्रित भयो ।

आइतबार रिट लिएर अदालत गएसँगै विशेष महाधिवेशनका विरुद्धमा चर्को स्वरमा बोल्ने नेताहरु नरम हुन लागे । पूर्व कार्यवाहक सभापति खड्काले रुख बाहेक अन्यत्र सोच्न नसकिने विचार सामाजिक सञ्जाल मार्फत राखे । देउवा पक्षका कतिपय व्यक्तिले सबै क्षेत्रमा स्वतन्त्र उम्मेदवार दिनुपर्ने अभिव्यक्ति दिन थालेपछि खड्काले उक्त धारणा बाहिर ल्याएका थिए ।

नेता मीन विश्वकर्माले विशेष महाधिवेशनबाट नेतृत्वमा चयन भएका थापाको हस्ताक्षर स्वीकारेर जानुपर्ने विचार राखे । समानुपातिक र राष्ट्रिय सभाका उम्मेदवारको टिकटमा देउवाको हस्ताक्षर भएको उल्लेख गर्दै प्रत्यक्ष उम्मेदवारका लागि गगनको हस्ताक्षर गरेर विवाद साम्य गर्न विकल्प सुझाए । विशेष महाधिवेशनले संसदीय बोर्ड गठन गरेर टिकट उम्मेदवार छनोट गर्ने तयारी गरेसँगै देउवा र शेखर पक्ष विशेष महाधिवेशन पक्षसँग लचिलो हुँदै गयो ।

विशेष महाधिवेशन पक्षले सबैलाई मिलाएर टिकट वितरण गर्ने जानकारी गराएसँगै त्रिपक्षीय संवाद सुरु भयो । देउवाले आफ्नो तर्फबाट नेता रमेश लेखकलाई अघि सारे । नेता कोइरालाले डा. मीनेन्द्र रिजाललाई संवादका लागि पठाए । विशेष महाधिवेशन पक्षधरबाट नेताहरू मधु आचार्य र देवराज चालिसे खटिए । त्रिपक्षीय संवाद भइरहँदा पूर्व कार्यवाहक सभापति खड्का र नेता कोइरालाले टिकट वितरण प्रति वेखबर रहेको जानकारी गराए ।

खड्काले सोमबार भने, 'नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधि सभाको १६५ निर्वाचन क्षेत्रको उम्मेदवारको टिकट वितरणको सम्बन्धमा कुनै पनि बैठक र प्रक्रियामा म सहभागी नभएको र मलाई कुनै पनि जानकारि समेत नभएको कुरा सबैमा स्पष्ट पार्न चाहान्छु ! कसैमा भ्रम नरहोस ।' अर्का नेता कोइरालाले आफ्नो कार्यालयमा उम्मेदवारको सोधिखोजी गर्न भीड लागेको सचिवालय मार्फत बाहिर ल्याए ।

'देशैभरबाट टिकट माग्न आउँने नेताहरूको भिड लागेको छ । तर कहाँ बसेर कसरी र कुन मापदण्डमा टिकट बाँडिदैछ त्यसको अहिलेसम्म कुनै जानकारी छैन,' नेता कोइरालाको सचिवालयबाट सम्प्रेषित जानकारीमा भनिएको थियो, 'जहाँसम्म डा. शेखर कोइराला र गगन थापासँग मिलेर जाने भन्ने कुरा समाचारमा आइरहेको छ त्यसमा सत्यता छैन । आजसम्म विशेष महाधिवेशनबाट आएको केन्द्रीय समितिका कसैले पनि कुनै पनि माध्यमबाट डा. शेखर कोइरालासँग सम्पर्क र कुराकानी गर्नुभएको छैन ।'

विशेष महाधिवेशन र त्यसबाट चुनिएको समितिलाई अस्वीकार गरेपनि देउवा र कोइराला पक्षका उपल्लो तहका नेताहरूले सभापतिमा थापालाई स्वीकार गरेर टिकट लिएका छन् । कोइराला स्वयं मोरङ-६ बाट उम्मेदवार बनेका छन् । विशेष महाधिवेशन पार्टी विधान विपरीत भएको र त्यसलाई मान्यता दिन नहुने रिट लिएर अदालत पुगेका पूर्वकार्यवाहक खड्का उम्मेदवार हुन तयार भएनन् ।

उम्मेदवार नहुने कारण खुलाउँदै खड्का भन्छन्, 'अवैधानिक विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमिति स्वत: अवैधानिक हुने मेरो दाबी समेत भएकोले निजहरूको निर्णय र हस्ताक्षरबाट जारी गरिने टिकटबाट उम्मेदवार हुनु मेरो जीवन भरिको राजनीतिक मूल्य मान्यता र नैतिकताको अडानको प्रतिकूल हुने हुँदा पार्टीका साथीहरू र आम मतदाताको माया ,भरोसा र विश्वास म प्रति हुँदाहुँदै पनि यसपटक प्रतिनिधि सभाको निर्वाचनमा उमेदवार नउठ्ने निर्णय गरेको छु ।'

कांग्रेसबाट आधिकारिक उम्मेदवारलाई जिताउन पार्टी पङ्तिमा खड्काले अपिल समेत गरे । खड्का स्वयं उम्मेदवार नबनेपनि उनले प्रतिस्पर्धा गर्दै आएको सुर्खेत-१ मा भाइ विष्णुबहादुर खड्का उम्मेदवार बने । खड्का बाहेक देउवा पक्षबाट सबै जसो नेता टिकट आकांक्षी थिए । शीर्ष तहका नेताहरुमा 'विशेष महाधिवेशन' सुन्नै नचाहने विमलेन्द्र निधि धनुषा-३ को उम्मेदवार बने ।

*(स्रोत: अनलाइनखबर)*

# भारतमा 'द राजा साब'को हरिविजोग, लाखमा झर्‍यो व्यापार

काठमाडौं/तेलुगु सुपरस्टार प्रभासका लागि २०२६ को सुरूवात नै निराशाजनक बनेको छ । ९ जनवरी (२५ पुष)मा रिलिज भएको उनको काल्पनिक हरर कमेडी फिल्म 'द राजा साब' भारतीय बक्स अफिसमा नराम्रोसँग पछारिएको छ । ४ सय करोड भारूमा निर्माण भएको यो फिल्मले अहिलेसम्म कुल बजेटको आधा पनि कमाइ गर्न सकेको छैन ।

भारतीय ट्रेड एनालिस्ट पोर्टल सैक्निल्कका अनुसार फिल्मले ११ दिनमा भारतमा १ सय ४० करोडको नेट व्यापार गरेको छ । यसमा हिन्दीसहित तेलुगु, तमिल, कन्नड र मलयालम भर्सनको कमाइ जोडिएको छ । दोस्रो सातादेखि फिल्मले सबै भाषामा दैनिक २ करोड पनि कमाउन सकेको छैन । सोमबार हिन्दी भर्सनले मात्र ७७ लाखको कमाइ गर्‍यो ।

'द राजा साब'ले अब भारतीय बजारबाटै लगानी उठाउने सम्भावना देखिँदैन । तर, यसका निर्मातालाई ठूलो घाटा पनि नहुने देखिन्छ । किनकि, फिल्मले ओभर सिज मार्केटमा ३३ करोडभन्दा बढी कमाइ गरिसकेको छ । र, फिल्मको डिजिटल राइट्स जियो हटस्टारले १६० करोड भारूमा खरिद गरेको छ । यसरी हेर्दा फिल्मका निर्मातालाई बढीमा ५० करोड घाटा हुने देखिन्छ ।

भारतमा ५३ करोडको सुखद ओपनिङ गरेको फिल्मले दोस्रो दिन तेलुगु भर्सनमा मात्रै ४७ करोड कमाएको थियो । तर, दर्शकबाट नकारात्मक प्रतिक्रिया आउन थालेसँगै तेस्रो दिनदेखि फिल्मको कमाइमा भारी गिरावट देखियो । अन्तत: 'द राजा साब' २०२६ को ठूलो 'डिजास्टर' बनेको छ । समीक्षकहरूले फिल्मको कथा र हरर-कमेडी पक्ष कमजोर भएको टिप्पणी गरेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# फास्ट ट्रयाकमा बनिरहेका धरहरा जस्तै अग्ला पुल सामाजिक संजालमा भाइरल

## मकवानपुरमा 'गगनचुम्बी' पुल बन्दै



साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/राष्ट्रिय गौरवको आयोजना काठमाडौं तराई-मधेश द्रुतमार्ग (फास्ट ट्रयाक) को ७१ किमि खण्डमा झण्डै एकतिहाई (३३.६२ प्रतिशत) खण्डमा सुरुङ र पुल निर्माण भइरहेका छन् ।

फास्ट ट्रयाकमा सुरुङ र पुलको कुल लम्बाइ २३.८६४ किलोमिटर रहेको छ । जसमा कुल १०.९७९ किमि लम्बाइका ७ वटा सुरुङ र १२.८८५ किमि लम्बाइका ८९ वटा पुल निर्माण भइरहेका छन् । फास्ट ट्रयाकको कुल लम्बाइमा पुलको मात्रै हिस्सा १८.१५ प्रतिशत रहेको छ । औसतमा हरेक ७९७ मिटरमा एउटा पुल बनिरहेको छ । यस सडकमा विदेशका जस्तै आकर्षक र आधुनिक पुल निर्माण भइरहेका हुन् । फास्ट ट्रयाकमा ठूला नदी नभएपनि अग्ला डाँडा र गहिरो खोँच रहेकाले दूरी छोट्याउन अग्ला पुल निर्माण गरिएको हो । यो सडक अन्तर ष्ट्रिय मापदण्डअनुसारको एक्सप्रेस 'वे' हो । त्यसैले द्रुतगतिमा सवारी चलाउन मिल्ने गरी घुमाउरो र गहिरो ठाउँमा अग्ला र लामा आधुनिक पुल निर्माण भइरहेको हो ।

नेपाली सेनाका सूचना अधिकारी (सहायकरथी) राजाराम बस्नेतले फास्ट ट्रयाकमा ८९ वटा पुल निर्माण भइरहेको जानकारी दिए । उनका अनुसार सबै पुलको ठेक्का लागेर धमाधम काम भइरहेको छ । 'फास्ट ट्रयाकमा ८९ वटा पुल निर्माण भइरहेका छन् । ८५ वटाको पहिला नै ठेक्का लगाइएको थियो । ४ वटा चालु आवमा ठेक्का लगाइ अहिले काम सुरु भइसकेको छ,' उनले भने । उनकाअनुसार ८९ पुलमध्ये हालसम्म ९ वटा निर्माण सम्पन्न भइसकेका छन् । चालु आवमा ठेक्का लगाइएका ४ बाहेक अरु अधिकांश पुलको फाउन्डेसनको काम सकेर सुपरस्ट्रक्चरको काम भइरहेको उनले बताए ।

'यसवर्ष ठेक्का लगाइएका चार बाहेक अधिकांश पुलको फाउन्डेसनको काम सकिएको छ । पिलर ठड्याइसकिएको छ । सुपर स्ट्रक्चरको काम धमाधम भइरहेको छ,' उनले भने । फास्ट ट्रयाकमा निर्माण हुने अग्ला पुलले सडकको दूरी र यात्रा अवधि छोट्याउनुका साथै, पहिरोको जोखिम कम गरी वातावरणीय क्षति घटाउने उनको भनाइ छ । चार लेनको फास्ट ट्रयाकको पहाडी क्षेत्रको हरेक स्थानमा समानान्तर पुल निर्माण भइरहेका छन् । अधिकांश ठाउँमा जाने र आउने सवारीका लागि छुट्टाछुट्टै २/२ लेनको पुल निर्माण गरिएको हो । फास्ट ट्रयाकमा निर्माण भइरहेकका पुल १०० वर्षभन्दा धेरै टिक्ने गरी बनाइएको छ ।

फास्ट ट्रयाक काठमाडौं, ललितपुर मकवानपुर र बारा गरी चार जिल्लामा पर्दछ । जसमा मकवानपुरखण्डको भूवनोट अग्ला पहाड र गहिरो खोँच रहेको छ । अधिकांश अग्ला पुल मकवापुर खण्डमै निर्माण भइरहेको हो । सूचना अधिकारी बस्नेतका अनुसार मकवानपुरको बकैया र भीमफेदी गाउँपालिकाको विभिन्न ठाउँमा ४० मिटर अग्ला १० वटा पुल निर्माण भइरहेका छन् । बकैया गाउँपालिका-११ लेनडाँडामा फास्ट ट्रयाककै अग्लो पुल निर्माण अन्तिमचरणमा पुगेको छ । धेद्रे र लेनडाँडा सुरुङलाई जोड्न जीतपुर खोलामाथि ८२ मिटर अग्लो पुल अन्तिमचरणमा पुगेको हो ।

यो पुल २४५ मिटर लामो छ । यो पुलको उचाइ झण्डै धरहराको जत्ति नै हो । धरहराको जमिनदेखि गजुरसम्मको उचाइ ८३.८५ मिटर अग्लो छ । यो पुलको सुपरस्ट्रक्चर काम लगभग सकिन लागेको उनले बताए । अहिले रेलिङ राख्ने काम भइरहेको उनको भनाइ छ । मकवानपुरको भीफेदी गाउँपालिका-महादेवटारमा ६८ मिटर अग्लो ४०४ मिटर लामो र ४१ मिटर अग्लो ४३० मिटर लामो पुल निर्माण भइरहेको छ । यी दुवै पुलको सुपरस्ट्रक्चरको काम सकेर पियरको निर्माण भइहरेको छ ।

धेद्रे सुरुङतर्फ जाने चालिसे खोलामाथि निर्माण गरिएका दुवै पुल सम्पन्न भइसकेका छन् । बकैया गाउँपालिका-११ लेनडाँडामै ५४.१५ र ४३.५ मिटर अग्लो पुल निर्माण सम्पन्न भइसकेको उनले बताए । यी पुलको लम्बाइ क्रमश: ३३३ मिटर र २७० मिटर छ । बकैया गाउँपालिका-२ सर स्वतीगाउँमा ४१ मिटर अग्लो ४२५ मिटर लामो पुल निर्माणाधीन छ । यसको डेक स्ल्याब (गाडी गुड्ने सतह) निर्माण भइरहेको छ । सोही ठाउँमा २५० मिटर लामो ४२ मिटर अग्लो पुल निर्माण भइरहेको छ । यसको पियर निर्माणको चरणमा रहेको छ ।

बकैया गाउँपालिका-५, दहिदमारमामा ४९ मिटर उचाइको २४० मिटर लामो पुल बनिरहेको छ । यसको पाइलको काम सकिएको छ । सोही ठाउँमा ४५ मिटर उचाइको ५३० मिटर लामो पुल निर्माण सुरु गरिएको छ । यसको पाइलको काम सुरु भएको छ । मकवानपुको भीमफेदी-८ सिस्नेरीमा ५५ मिटर अग्लो पुल बन्दैछ । ५८० मिटर लामो यो पुलको पाइल निर्माणको काम भइरहेको छ । फास्ट ट्रयाकमा बनिरहेका अग्ला पुल हाल सामाजिक संजालमा समेत भाइरल बनिरहेका छन् ।

कुल ७०.९७७ किलोमिटर लम्बाइको फास्ट ट्रयाकलाई समष्टिगत कार्ययोजनाअनुसार १३ वटा प्योकजमा छुट्याइएको छ । जसमा १२ प्याकेजको ठेक्का लागेर धमाधम काम भइरहेको छ । प्रस्थानबिन्दु खोकना-डुकुछाप (प्याकेज नं. ११) खण्डको ठेक्का लाग्न बाँकी रहेको सूचना अधिकारी बस्नेतले जानकारी दिएका छन् । यसखण्डमा स्थानीयको विरोध र मुआब्जा विवादका कारण ठेक्का लाग्न सकेको छैन ।

# अन्तर्राष्ट्रिय डेरी एक्स्पो माघ २५-२९ गतेसम्म भरतपुरमा हुने




साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ दुग्धजन्य उत्पादनको व्यवसायिकता प्रवर्द्धन, किसानलाई प्रोत्साहन, डेरी उद्योगमा आधुनिक प्रविधिको प्रयोग र उद्यमशीलताको दिगो विकास गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय डेरी एक्स्पो २०८२ आयोजना हुने भएको छ ।

चितवन उद्योग संघ र चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिको संयुक्त आयोजनामा गत वर्षदेखि सुरु भएको डेरी एक्स्पो यसपटक अन्तर्राष्ट्रिय स्तरमा विस्तार गरिएको हो । 'डेरी उद्योगमा प्रविधि, अर्थतन्त्रमा समृद्धि' भन्ने नाराकासाथ एक्स्पो २०८२ माघ २५ देखि २९ गतेसम्म सञ्चालन हुनेछ । चितवन उद्योग संघका अध्यक्ष मदन घिमिरेले नेपालको दुग्धक्षेत्र आर्थिक, सामाजिक तथा पोषणीय दृष्टिले महत्वपूर्ण भएपनि विभिन्न चुनौतीको सामना गरिरहेको अवस्थामा डेरी एक्स्पोले साझा मञ्च प्रदान गर्ने बताए ।

उनका अनुसार एक्स्पोले नयाँ प्रविधि र नवप्रवर्तनको प्रदर्शनी, बजार विस्तार, ब्रान्ड प्रवर्द्धन, व्यावसायिक नेटवर्किङ, लगानी आकर्षण, गुणस्तर सुधार, महिला तथा युवा सहभागिता वृद्धि, साथै दुग्धजन्य उत्पादनको व्यापार र निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने लक्ष्य लिएको छ । एक्स्पोका मुख्य उद्देश्यमा डेरी उत्पादन, प्रशोधन र वितरण प्रणालीका नवीनतम प्रविधिको प्रवर्द्धन, किसान-उद्योगी-व्यापारीबीच व्यावसायिक सञ्जाल विस्तार, उपभोक्तालाई डेरी उत्पादनको गुणस्तर र महत्वबारे जानकारी, नयाँ उत्पादनको लन्च तथा ब्रान्डिङ, साना किसानलाई तालिम र मार्गदर्शन, सहकारीलाई औद्योगिक उत्पादनतर्फ प्रेरित गर्नु रहेका छन् ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेले पहिलो संस्करणको राष्ट्रिय डेरी एक्स्पोले दुग्धजन्य उत्पादनको विविधीकरणमा योगदान पुऱ्याएको र चितवनमा दैनिक १० हजार लिटरभन्दा बढी दूध खपत हुन थालेको जानकारी दिए । यसकारण एक्स्पोलाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गरिएको उनले बताए । एक्स्पोमा डेरी प्रोसेसिङ तथा पशु आहारसम्बन्धी मेसिनरी र उपकरण, डेरीजन्य उत्पादन, सफ्टवेयर, प्याकेजिङ उद्योग, पशुपालन सामग्री, भेटेरिनरी सेवा, बैंक तथा बीमा, स्टार्टअप प्याभिलियनसहित एक सयभन्दा बढी स्टल रहनेछन् ।

प्रदर्शनीअवधिमा कार्यशाला, तालिम, बीटुबी बैठक, सफल किसान तथा उद्यमीका अनुभव आदानप्रदान, प्रत्यक्ष प्रदर्शन, फुड स्टल, नयाँ डेरी उत्पादन लन्च, युवालक्षित वक्तृत्वकला प्रतियोगिता, विज्ञ प्यानल छलफल तथा पुरस्कार वितरण कार्यक्रम आयोजना गरिनेछ । सातै प्रदेशबाट एकएक जना उत्कृष्ट दुग्ध उत्पादक किसान/उद्यमीलाई सम्मान गरिने, उत्कृष्ट गाई प्रदर्शकलाई पुरस्कार प्रदान गर्ने योजना छ ।

करीब ५० हजार अवलोकनकर्ता सहभागिता रहने अपेक्षा गरिएको एक्स्पोमा उद्योगी, किसान, नीति निर्माता, लगानीकर्ता, अनुसन्धानकर्ता, विद्यार्थी, बैंक तथा बीमा कम्पनीका प्रतिनिधिलगायत सरोकारवाला पक्षको सहभागिता रहने आयोजकले जनाएको छ । अन्तर्राष्ट्रिय डेरी एक्स्पो २०८२ सफल बनाउन संघ, प्रदेश तथा स्थानीय सरकार, दुग्ध विकाससम्बन्धी संघसंस्था, शैक्षिक संस्था, निजीक्षेत्र तथा सहकारीसँग समन्वय भइरहेको आयोजकको दाबी छ ।।

# मनहरीको रोटरी माविमा कम्प्युटर प्रयोगशाला उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/रोटरी क्लब अफ हेटौंडाले मनहरी गाउँपालिका-७ स्थित राष्ट्रिय रोटरी माध्यमिक विद्यालयलाई कम्प्युटर प्रयोगशाला हस्तान्तरण गरेको छ ।

क्लबले नवनिर्मित प्रयोगशालाको उद्घाटन गरी विद्यालयलाई हस्तान्तरण गरेको हो । प्रयोगशालामा २१ वटा कम्प्युटर छन् । विद्यार्थीलाई प्रविधियुक्त शिक्षा प्रदान गर्ने उद्देश्यले रोटरी क्लब, मनहरी गाउँपालिका, इडियुटेक नेपाल र विद्यालयको संयुक्त लगानीमा प्रयोगशाला निर्माण गरिएको हो । प्रयोगशाला निर्माणका लागि खर्च भएको १० लाख रुपैयाँमध्ये रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट र मनहरी गाउँपालिकाको २५/२५ प्रतिशत योगदान रहेको छ । एड्डु-टेक नेपालले ५० प्रतिशत अर्थात् ५ लाख रुपैयाँ बराबरको प्राविधिक सहयोग उपलब्ध गराएको छ ।

कम्प्युटर प्रयोगशालाका लागि आवश्यक पूर्वाधारअन्तर्गत फर्निचर, रंगरोगन र विद्युतीय सामग्री व्यवस्थापनमा विद्यालय र मनहरी गाउँपालिकाले संयुक्तरुपमा थप ५ लाख रुपैयाँ खर्च गरेका छन् । उद्घाटन कार्यक्रममा रोटरी इन्टर नेशनल डिस्ट्रिक्ट ३२९२ का गभर्नर विनोद कोइरालाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा गभर्नर कोइरालाले प्रयोगशालामा भएका कम्प्युटरबारे जानकारी दिए । एकजना शिक्षकले एकै ठाउँबाट सबै कम्प्युटरलाई नियन्त्रण गर्न सक्ने उनले बताए ।

कम्प्युटर शिक्षकमात्र नभई अन्य विषयगत शिक्षकले पनि कम्प्युटरको प्रयोग गरेर पठनपाठन गराउने उद्देश्यसाथ प्रयोगशाला निर्माण गरिएको गभर्नर कोइरालाको भनाइ छ । रोटरीले विद्यार्थीलाई प्रविधियुक्त शिक्षासँग जोड्न सन् २०१८ देखि इडियुटेक नेपालको सहकार्यमा यो कार्यलाई निरन्तरता दिएको छ । रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ अन्तर्गत नेपाल र भुटानमा गरी १ सय ६० वटा क्लब रहेका छन् । कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले यस कदमले गाउँपालिकाको प्राविधिक शिक्षासम्बन्धी उत्तरदायित्व पूरा गर्न सहज हुने विश्वास व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शालिकराम बानियाँको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा अतिथिहरु रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ का सचिव सुवास सिग्देल, फर्स्ट लेडी विभा अधिकारी र रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रमेशमान प्रधानको उपस्थिति रहेको थियो ।

# जुडोको उपाधि पुलिसले जित्यो

साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ बागमती प्रदेशको राजधानी हेटौंडामा आयोजित २० औं राष्ट्रिय जुडो प्रतियोगिता-२०८२ मा विभागीय टोली नेपाल पुलिस क्लब च्याम्पियन बनेको छ ।

नेपाल पुलिस क्लबले ६ स्वर्ण, २ रजत र ३ कास्य गरी सर्वाधिक पदक जित्दै प्रतियोगिताको उपाधि हात पारेको हो । माघ ३ देखि ५ गतेसम्म सञ्चालन भएको प्रतियोगितामा तीन विभागीयसहित १० टोली सहभागी थिए । प्रतियोगितामा यसवर्ष पनि विभागीय टोलीको दबदबा कायमै देखिएको छ । प्रतियोगितामा नेपाल आर्मी क्लबले ४ स्वर्ण, ५ रजत र ३ कास्यपदक जित्दै दोस्रो स्थान हासिल गरेको छ । घरेलु टोली बागमती प्रदेशले ३ स्वर्ण र ५ कास्य पदकसहित पदक तालिकाको तेस्रो स्थानमा रहन सफल भयो ।

सुदूरपश्चिम प्रदेशले १ स्वर्णपदकसहित चौथो स्थान ओगट्दा, अर्को विभागीय टोली सशस्त्र प्रहरी बल (एपीएफ) ३ रजत र ७ कास्यपदक सहित पाँचौं स्थानमा रह्यो । कोशी प्रदेशले २ रजत र २ कास्य गरी कुल ४ पदक हात पाऱ्यो ।

त्यसैगरी गण्डकी प्रदेशले २ रजत र १ कास्यपदक जितेको छ । लुम्बिनी प्रदेशको खातामा १ कास्यपदक परेको छ । प्रतियोगितामा सहभागी १० टोलीमध्ये ९ टोलीले पदक जित्न सफल भए भने मधेश प्रदेशले पदक जित्न सकेन ।

# उल्लासमय मनोनयन

काठमाडौं/'यसपटक भिड भएन नि,' काठमाडौं क्षेत्र नम्बर १ को निर्वाचन अधिकृतको कार्यालयमा एक कर्मचारी भनिरहेका थिए । उनले यसो भन्नुको कारण हो, ठूला भनिएका नेता आएनन् । अघिल्ला चुनावहरूमा तामझामका साथ उम्मेदवारहरू मनोनयनका लागि आउने गरेका थिए । 'यसपटक भिड पनि बसाइँ सऱ्यो,' हाँस्दै ती कर्मचारीले भने, 'हेर्नु भयो नि काठमाडौं बाहिर उम्मेदवारी दिन गएका उम्मेदवारहरूको दृश्य ।'

शीर्ष र चर्चामा रहिरहने नेताहरू यसपटक काठमाडौं बाहिर गएपछि भिड पनि उतै सरेको निष्कर्ष उनको थियो । अघिल्ला चुनावमा भिड र उम्मेदवारको व्यवस्थापन गर्न हम्मेहम्मे हुन्थ्यो । यसपटक कर्मचारीहरूले सहज महसुस गरेको पाइयो । यो दृश्य काठमाडौं क्षेत्र नम्बर १ मात्र होइन, क्षेत्र नम्बर ४ र ५ मा पुग्दा पनि त्यस्तै देखियो । तर क्षेत्र नम्बर ५ को दृश्य भने अलि फरक थियो । यो क्षेत्रमा एमालेका पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र कांग्रेस महामन्त्री प्रदीप पौडेल लगायतको नेताहरूले उम्मेदवारी दिएका छन् ।

रास्वपाबाट सस्मित पोखरेलले दर्ता गराए । कांग्रेस महामन्त्री पौडेल उम्मेदवारी दिन आउँदा नाराजुलुस सहित आएका थिए । कतिपय उम्मेदवारी दिन आएका उम्मेदवार यस्ता पनि भेटिए, फारम भर्न नजान्ने । उम्मेदवारको फारम कर्मचारीले भरिरहेका थिए । 'नयाँमा यस्तै हो । पुरानो भएपछि थाहा हुन्छ,' कर्मचारीले व्यंग्य गरिरहेका थिए । निर्वाचन आचार संहिता अनुसार २५ जनाभन्दा बढी लैजान पाइने थिएन । तर कार्यालयभन्दा बाहिर जुलुस भएपनि भित्र ५ जना भन्दा बढीलाई प्रवेश दिइएको थिएन । भीड नभएपछि कर्मचारीलाई मनोनयनको काम गर्न सहज र छिटो भएको देखियो ।

२ बजेसम्म निर्वाचन अधिकृतको कार्यलहरूमा कमैले उम्मेदवारी दर्ता गराएका थिए । कर्मचारीहरू उम्मेदवारलाई पर्खिरहेका थिए । कांग्रेस लगायतका पार्टीले उम्मेदवारी टुंगो लगाउन ढिलाइ गरेपछि अन्तिम सयमा दर्ता गराउनेको संख्या धेरै भयो । यद्यपि, निर्वाचन अधिकृतको कार्यालयका अनुसार काठमाडौंको १० वटै निर्वाचन क्षेत्रमा शान्तिपूर्णरुपमा मनोनयन भएको छ । 'उत्साहजनक रुपमा मनोनयन भयो । काठमाडौंको १० वटै क्षेत्रमा राम्रोसँग मनोनयनको काम सकियो,' जिल्ला निर्वाचन अधिकारी ठाकुरप्रसाद भट्टराईले भने ।

### जेष्ठदेखि युवासम्म

काठमाडौं क्षेत्र नम्बर ४ मा ८७ वर्षीय मानवदेव आचार्यले स्वतन्त्र उम्मेदवारी गराए । युवादेखि ज्येष्ठ नागरिकसम्मले उम्मेदवारी दर्ता गराएपछि निर्वाचनको माहोल उत्साहित बनेको देखियो । जुनसकै पार्टीको उम्मेदवार भए पनि तिक्तता देखिएन । कांग्रेस एमालेका उम्मेदवारले नयाँ दलका उम्मेदवारलाई स्वागत नै गरे । 'लोकतन्त्रमा परिणामालाई स्वीकार गर्नुपर्छ । प्रतिस्पर्धामा विश्वास गर्छौं,' क्षेत्र नम्बर ५ मा उम्मेदवार दिएपछि एमाले उम्मेदार ईश्वर पोखरेलले भने, 'नयाँ नयाँ दल आउनु स्वागत योग्य कुरा हो । जनुसकै पुस्ता साथी प्रतिस्पर्धामा आउनुलाई स्वागत गर्नुपर्छ ।'

काठमाडौं-५ ले पहिलो पटक सांसदको रुपमा चिनाएकोले यो क्षेत्रसँग अत्यन्त प्रेम रहेको बताउँदै थिए, प्रदीप पौडेल । उम्मेदवारी दर्ता गरेपछि उम्मेदवारहरूले आ-आफ्नो चुनावी एजेन्डा पनि सुनाइ रहेका थिए । अधिकांश उम्मेदारको एकै मत थियो, 'सुशासन कायम र भ्रष्टाचार अन्त्य गर्ने ।' तर राप्रपाका वरिष्ठ नेता रवीन्द्र मिश्रले क्षेत्र नम्बर १ मा उम्मेदवारी दर्ता गरेपछि देश बनाउन सुशासन र भ्रष्ट्राचारमूक्त बनाउने नाराले मात्र नपुग्ने बताए ।

'युक्रेनमा अहिले गएर सुशासन र भ्रष्टाचारविरुद्धको मुद्धा लिएर देश बन्छ ? सिरिया, लिबिया लगायतका देश बन्छ ? बन्दैन,' मिश्रले भने, 'अहिले हाम्रो देश त्यसैगरी अस्तित्वमै प्रश्न उठिरहेको बेला त्यो मुद्दाले मात्र देश बन्दैन ।' क्षेत्र नम्बर १ कै एमालेका उम्मेदवार महोनराज रेग्मीले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण जलेको सिंहदरबार सम्झिए । जलेको सिंहदरबार बनाउनको लागि नै आफ्नो उम्मेदवारी रहेको दाबी गरे ।

*स्रोत: अनलाइनखबर*

# सदाचार प्रवर्द्धन गर्न कार्यालय प्रमुखलाई अभिमुखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, ६ माघ/ भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था मकवानपुरले सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणका लागि मकवानपुरका कार्यालय प्रमुखलाई अभिमुखीकरण गरेको छ ।

मंगलबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको नियमित कार्यालय प्रमुखको बैठकमा अभिमुखीकरण कार्यक्रम गरिएको हो । संस्थाका अध्यक्ष केदारप्रसाद चौलागाई र सचिव सुरेश श्रेष्ठले कार्यालय प्रमुखलाई सेवाप्रवाहमा नागरिकको गुनासो नरहने गरी, सुशासन प्रत्याभूत गर्न आग्रह गरे । हेटौंडा-९ स्थित मानवसेवा आश्रमको सभाकक्षमा आयोजित नियमित कार्यालय प्रमुखको भेलामा मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थाको प्रयास र भूमिका महत्वपूर्ण रहने बताए । त्यसमा स्थानीय प्रशासनको साथ र सहयोग रहनुका साथै कार्यालय प्रमुखलाई पनि सहजीकरणका लागि उनले आग्रह गरे ।

भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थाका पदाधिकारी तथा सदस्यले सरकारी तथा सार्वजनिक कार्यालयको अवलोकन भ्रमण तथा सेवाग्राहीसँग प्राप्त सेवा, सुविधाका विषयमा अन्तरक्रिया गर्ने योजनाबारे जानकारी गराउँदै त्यस किसिमको कार्यमा स्थानीय प्रशासनको सहमति र साथ रहेकोले कार्यालय प्रमुखले अवलोकन तथा सेवाग्राहीसँगको अन्तरक्रियामा सहजीकरण गरिदिन पनि संस्थाका अध्यक्ष चौलागाईले कार्यालय प्रमुखलाई आग्रह गरे ।

नेपाल सरकार
गृह मन्त्रलय
**बागमती प्रदेश प्रहरी कार्यालय**
हेटौंडा, मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !**

*प्रकाशित मिति: २०८२।१०।०७ ( 21 Jan 2026)*

यस कार्यालयबाट मिति २०८२।०९।०६ गतेको साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन हुँदा तपसिल बमोजिमको निर्माण कार्यको लागि देहायमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद (पहिलो संशोधन) ऐन २०६३ को दफा २७ (०१) अनुसारको कारबाही एवं दफा २७ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| S.N. | IFB No: | Description of Work | Bidder's Name | Bid Price Rs. (With VAT) |
|---|---|---|---|---|
| 01 | SQ/BPPO Hetauda/ 2082-083/01 | Construction Work of Dog Kennel At Bagmati Province Police Office Hetauda, Makwanpur | Malikarjun Construction Jawgal lalitpur | 8,70,599.21 |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना